प्रभाव दैनिक

National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक २०४ | काठमाडौं | आइतबार, १३ मंसिर २०८३ | Prabhab National Daily | Sunday, 29 November 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५।-

जोखिममा रहेका चार बस्ती सार्न सरकारको स्वीकृति

- अर्घाखाँचीको बुजुण्डो र गोरखाको देवलगाउँसहित डडेलधुराका दुई बस्ती सार्ने योजना स्वीकृत
- वर्षौंदेखि पहिरोको जोखिममा रहेका बस्तीलाई सम्भावित मानवीय क्षति रोक्न स्थानान्तरण गर्न लागिएको
- सार्न लागिएको बस्ती बसोबासका लागि उपयुक्त नरहेको भूगर्भविद् हरूको निष्कर्ष
- बस्ती स्थानान्तरणका लागि प्रतिपरिवारलाई तीन लाखदेखि पाँच लाख रुपैयाँसम्म अनुदान सरकारले दिने



■ प्रभाव संवाददाता

काठमाडौं– वर्षौंदेखि पहिरोको जोखिममा बस्दै आएका तीन जिल्लाका चार बस्तीका बासिन्दाले सुरक्षित स्थानमा बसोबासको अवसर पाउने भएका छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले डडेलधुरा, अर्घाखाँची र गोरखाका चार बस्ती स्थानान्तरण गर्ने योजनालाई स्वीकृति दिएसँगै प्रक्रिया अघि बढ्ने भएको हो । तर, सरकारी स्वीकृतिसँगै जोखिममा रहेका सबै परिवारलाई सुरक्षित ठाउँमा पुऱ्याउने र नयाँ स्थानमा बसोबासको व्यवस्था मिलाउने चुनौती भने कायमै छ ।

प्राधिकरणका सहप्रवक्ता डा. प्रकाश पोखेलका अनुसार अर्घाखाँचीको सन्धिखर्क नगरपालिका, गोरखाको चुमनुब्री गाउँपालिका र डडेलधुराको आलिताल गाउँपालिकाका बस्ती स्थानान्तरण गरिने छ ।

अर्घाखाँचीको बुजुण्डो र गोरखाको देवलगाउँसहित डडेलधुराका दुई बस्ती सार्ने योजना स्वीकृत भएको हो ।

अर्घाखाँचीको बुजुण्डोका ४४ घरधुरी र गोरखाको देवलगाउँका ८३ घरधुरी स्थानान्तरण हुने छन् । यी दुई बस्तीकामात्रै १२७ घरधुरीलाई सुरक्षित स्थानमा पुऱ्याउनुपर्ने छ । डडेलधुराका दुई बस्तीका घरधुरीको संख्या भने खुलाइएको छैन ।

वर्षौंदेखि पहिरोको जोखिममा रहेका बस्तीलाई सम्भावित मानवीय क्षति रोक्न स्थानान्तरण गर्न लागिएको प्राधिकरणका सहप्रवक्ता पोखरेलले बताए । उनले प्रभावसँग भने, 'पहिरोको उच्च जोखिममा रहेका बस्तीहरूलाई जिल्ला विपद् व्यवस्थापन समितिहरूको सिफारिसबमोजिम हामीले स्थानान्तरणका लागि स्वीकृति दिएका हौं ।'

बस्ती स्थानान्तरणका लागि सुरक्षित ठाउँसमेत पहिचान गरिएको छ । अर्घाखाँचीको बुजुण्डो बस्तीलाई फुत्वाङ र गोरखाको देवलगाउँलाई फिलिममा सार्ने सरकारको योजना छ । भूगर्भविद्हरूको अध्ययनले हालको बस्ती बसोबासका लागि उपयुक्त नरहेको निष्कर्ष निकालेपछि स्थानान्तरणको प्रक्रिया अघि बढाइएको हो ।

अर्घाखाँचीका सहायक प्रमुख जिल्ला अधिकारी भक्तिराम मरासिनीका अनुसार बुजुण्डोका ४४ घरधुरीमध्ये १९ परिवारले आफ्नो नाममा अन्यत्र जग्गा नभएको कबुलियतनामा गरिसकेका छन् ।

> पहिरोको उच्च जोखिममा रहेका बस्तीहरूलाई जिल्ला विपद् व्यवस्थापन समितिहरूको सिफारिसबमोजिम हामीले स्थानान्तरणका लागि स्वीकृति दिएका हौं ।
>
> **■ डा. प्रकाश पोखेल**
> सहप्रवक्ता, विपद् जोखिम न्यूनीकरण प्राधिकरण

गोरखाको देवलगाउँका ८३ घरधुरीलाई पनि सुरक्षित स्थानमा सार्ने प्रक्रिया अघि बढेको छ । गत जेठमा भूगर्भविद्हरूको टोलीले स्थलगत अध्ययन गरी बस्ती स्थानान्तरण गर्न सुझाव दिएको थियो । चुमनुब्री गाउँपालिकाको सिफारिसपछि जिल्ला विपद् व्यवस्थापन समितिले प्राधिकरणलाई पत्राचार गरेको थियो ।

जिल्ला प्रशासन कार्यालय गोरखाका अनुसार देवलगाउँ स्थानान्तरण गर्ने पहल २०८२ सालदेखि भइरहेको थियो । तर, लामो प्रयासपछि अहिले मात्रै स्वीकृति प्राप्त भएको हो ।

⏭ क्रमशः पृष्ठ २ मा

शीतलनिवासमा बाक्लिएको राजनीतिक संवाद

सत्तापक्षलाई अध्यादेशको हतारो, प्रतिपक्षलाई सदनको चासो

- पछिल्लो राजनीतिक घटनाक्रम, संसद् अधिवेशन, सरकारले सिफारिस गरेका अध्यादेश र इनम सापकोटा प्रकरणमा सरकारको कार्यशैलीलाई लिएर राजनीतिक वृत्तमा चासो बढिरहेका बेला सत्तापक्षीय दुई शीर्ष नेतालगत्तै प्रमुख प्रतिपक्षी नेताले राष्ट्रपति भेट्नुलाई सामान्य शिष्टाचार भेटका रूपमामात्र बुझ्न कठिन
- प्रधानमन्त्री शाह र रास्वपा सभापति लामिछानेले भेटेको भोलिपल्टै प्रमुख प्रतिपक्षी नेता आङ्देम्बेले भेटे राष्ट्रपति

■ जेबी योञ्जन

काठमाडौं– प्रधानमन्त्री वालेन्द्र शाह, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने र प्रमुख प्रतिपक्षी नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले लगातार राष्ट्रपति रामचन्द्र पौडेलसँग भेटवार्ता गरेका छन् ।

शुक्रबार सत्तारूढ दलका सभापति लामिछाने र प्रधानमन्त्री शाहले राष्ट्रपति पौडेलसँग छुट्टाछुट्टै भेटवार्ता गरेका थिए । शनिबार साँझ प्रमुख प्रतिपक्षी दलका नेता आङ्देम्बे पनि शीतलनिवास पुगेका हुन् ।

राष्ट्रपति भवनमा राष्ट्रपतिसँग करिब आधा घण्टा भएको भेटमा समसामयिक राजनीतिक परिस्थिति र पछिल्लो राजनीतिक घटनाक्रमबारे छलफल भएको आङ्देम्बेका स्वकीय सचिव याम ढुंगानाले बताए ।



रामचन्द्र पौडेल, राष्ट्रपति



वालेन्द्र शाह
प्रधानमन्त्री



रवि लामिछाने
सभापति, रास्वपा



भीष्मराज आङ्देम्बे
प्रमुख प्रतिपक्ष नेता

तर, पछिल्लो राजनीतिक घटनाक्रम, संसद् अधिवेशन, सरकारले सिफारिस गरेका अध्यादेश र इनम सापकोटा प्रकरणमा सरकारको कार्यशैलीलाई लिएर राजनीतिक वृत्तमा चासो बढिरहेका बेला सत्तापक्षीय दुई शीर्ष नेतालगत्तै प्रमुख प्रतिपक्षी नेताले राष्ट्रपति भेट्नुलाई सामान्य शिष्टाचार भेटका रूपमामात्र बुझ्न कठिन हुने विश्लेषकहरू बताउँछन् ।

वालेन्द्र सरकारले सिफारिस गरेका तीनवटा अध्यादेश राष्ट्रपति कार्यालयमा रोकिएको विषय पछिल्लो राजनीतिक बहसको प्रमुख विषय बनेको छ । राष्ट्रपति पौडेलले ती अध्यादेश जारी नगरेपछि सरकारको चासो बढेको र प्रधानमन्त्री शाहले राष्ट्रपतिसँगको भेटमा यसबारे कुरा उठाएको राष्ट्रपतिनिकट स्रोतले जनाएको छ ।

यतिबेला प्रेस काउन्सिल नेपाल ऐन, २०४८ संशोधनसम्बन्धी अध्यादेश, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश र जेन-जी घटनासम्बन्धी छानबिन, क्षतिपूर्ति तथा परिपूरण आयोग गठन गर्ने अध्यादेश राष्ट्रपति कार्यालयमा 'होल्ड'मा छन् । प्रेस काउन्सिल र जेन-जी विद्रोहसम्बन्धी अध्यादेश दुवै विवादित छन् । तर, वालेन्द्र सरकार सदन छलेर भए पनि अध्यादेश ल्याएर अनुकूल कानुन बनाउन लागेको छ । यस्तोमा राष्ट्रपति पौडेलले तीनवटा अध्यादेश प्रमाणीकरण गर्न आनाकानी गरेका हुन् ।

यसपछि रास्वपा सभापति लामिछानेले शुक्रबार राष्ट्रपति पौडेलसँगको भेटमा सरकार, संसद्, अध्यादेश र समसामयिक राजनीतिक विषयमा छलफल गरेका थिए । प्रधानमन्त्री शाहसँग लामिछानेको पाँच घण्टा लामो छलफल भएको भोलिपल्टै उनी राष्ट्रपति भेट्न पुगेका थिए । त्यसपछि प्रधानमन्त्री शाह पनि शीतलनिवास पुगेका थिए । यसले सरकार र पार्टी नेतृत्व दुवै तहबाट राष्ट्रपतिसँग संवाद भएको देखिन्छ ।

⏭ क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

जापानको कृषि क्षेत्रमा दक्षिण एसियाका श्रमिक बढ्दै

- स्थानीय श्रमिकको अभाव हुँदा जापानको कृषि क्षेत्रमा विदेशी श्रमिकको माग बढ्दै
- नेपाल, बंगलादेश र श्रीलंकाबाट जापान जाने श्रमिकको संख्या बढ्दो
- जापानको कृषि क्षेत्रमा काम गर्ने नेपाली श्रमिकको संख्या एक वर्षमा ३० प्रतिशतले बढेको क्योडो न्युजद्वारा उल्लेख

■ प्रभाव संवाददाता

काठमाडौं– जापानको कृषि क्षेत्रमा दक्षिण एसियाली मुलुकका श्रमिकको उपस्थिति बढ्दै गएको पाइएको छ । विशेषगरी नेपाल, बंगलादेश र श्रीलंकाबाट जापान जाने श्रमिकको संख्या बढ्न थालेको जनाइएको छ । दक्षिणपूर्वी एसियाली मुलुकबाट श्रमिक आपूर्ति घट्दै गएपछि जापानले दक्षिण एसियालाई नयाँ श्रमिक स्रोतका रूपमा लिन थालेको हो ।

जापानको कृषि क्षेत्रमा काम गर्ने नेपाली श्रमिकको संख्या एक वर्षमा ३० प्रतिशतले बढेको क्योडो न्युजले जनाएको छ । जापानको अध्यागमन सेवा निकायका अनुसार सन् २०२५ को जुन महिनासम्म जापानमा कृषि क्षेत्रमा काम गर्ने नेपाली श्रमिकको संख्या ९१६ पुगेको छ । त्योभन्दा अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या ७०५ रहेको थियो ।



तस्बिरः एएफपी

समाचारका अनुसार बंगलादेशबाट जाने श्रमिकको संख्या १२७ प्रतिशतले बढेर ३३४ पुगेको छ । श्रीलंकाबाट जानेको संख्या ६० प्रतिशतले बढेर ६३८ पुगेको छ । इण्डोनेसिया भने जापानको कृषि क्षेत्रमा सबैभन्दा धेरै श्रमिक पठाउने मुलुक बनेको छ । उक्त मुलुकबाट १८ हजार २५५ जना कृषि श्रमिक जापान पुगेका छन् । यो संख्या अघिल्लो वर्षको तुलनामा ४५ प्रतिशत बढी हो ।

स्थानीय श्रमिकको अभाव हुँदा जापानको कृषि क्षेत्रमा विदेशी श्रमिकको माग बढेको जनाइएको छ । जापानमा जनसंख्या वृद्धिदर घट्दै गएको र काम गर्ने उमेर समूहका नागरिकको संख्या कम हुँदै गएको छ । कृषि क्षेत्रमा काम गर्ने जनशक्तिको अभाव अझ बढी भएको बताइन्छ । यस्तो अवस्थामा जापानले विदेशी श्रमिक भित्र्याउने प्रक्रिया सहज बनाउँदै लगेको समाचारमा भनिएको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

बढ्दो महँगी नियन्त्रण र निजी क्षेत्रको आत्मविश्वास बढाउन कांग्रेसको आग्रह



- सहकारीपीडित, किसान, श्रमिक, वैदेशिक रोजगारीमा जाने युवा तथा उद्यमीका समस्या समाधान हुन नसकेको र सरकारी बजेटको प्रभावकारी कार्यान्वयन तथा सार्वजनिक सेवा प्रवाहमा अपेक्षित सुधार नदेखिएको कांग्रेसको निष्कर्ष
- अर्थतन्त्रको वास्तविक अवस्था सार्वजनिक गर्न, समयबद्ध आर्थिक कार्ययोजना ल्याउन, पुँजीगत खर्च बढाउन माग
- बाढीप्रभावित क्षेत्रको पुनःस्थापना तथा पुनर्निर्माणलाई तीव्रता दिन आग्रह
- पार्टीको नाम, झण्डा र चुनाव चिह्नको अनधिकृत प्रयोग नगर्न आग्रह

■ प्रभाव संवाददाता

ललितपुर– नेपाली कांग्रेसले अर्थतन्त्र र जनजीविकाका सवालमा सरकारलाई गम्भीर हुन आग्रह गरेको छ । पार्टीको केन्द्रीय कार्यसमितिका निर्णयहरू सार्वजनिक गर्न शनिबार पार्टीको केन्द्रीय कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा महामन्त्री प्रदीप पौडेलले अर्थतन्त्रको अवस्था, बढ्दो महँगी, कमजोर निजी क्षेत्रको आत्मविश्वास र आमनागरिकको जनजीविकाका समस्याप्रति सरकार गम्भीर हुनुपर्नेमा जोड दिए ।

'आमनागरिकको आम्दानी र खर्चबीचको खाडल फराकिलो हुँदै गएको, दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धिले सर्वसाधारणको भान्सा प्रभावित भएको तथा साना उद्यमी र व्यवसायीलाई व्यवसाय सञ्चालन र बैंकको ऋण भुक्तानीमा कठिनाइ भइरहेको अवस्था छ, बैंकिङ प्रणालीमा लगानीयोग्य रकम उपलब्ध भए पनि लगानी बढ्न नसकेको, खराब कर्जाको चिन्ता बढेको, बजार चलायमान हुन नसकेको र निजी क्षेत्रको आत्मविश्वास कमजोर भएको विषयलाई कांग्रेसले गम्भीरतापूर्वक उठाएको छ,' उनले भने ।

सहकारीपीडित, किसान, श्रमिक, वैदेशिक रोजगारीमा जाने युवा तथा उद्यमीका समस्या समाधान हुन नसकेको र सरकारी बजेटको प्रभावकारी कार्यान्वयन तथा सार्वजनिक सेवा प्रवाहमा अपेक्षित सुधार नदेखिएको कांग्रेसको निष्कर्ष छ । कांग्रेसले अर्थतन्त्रको वास्तविक अवस्था सार्वजनिक गर्न, समयबद्ध आर्थिक कार्ययोजना ल्याउन, पुँजीगत खर्च बढाउन, महँगी नियन्त्रण गर्न तथा निजी क्षेत्रको आत्मविश्वास पुनःस्थापित गर्न माग गरेको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराइने

काठमाडौं– सरकारले संघीय सरकारका करार कर्मचारी, राहत तथा अस्थायी शिक्षक, बालविकास सहजकर्ता र अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने प्रक्रिया अघि बढाएको छ ।

सामाजिक सुरक्षाको दायरा विस्तार गर्दै सबै श्रमजीवी नागरिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा समेट्ने नीतिअनुसार सरकारले नीतिगत तथा संस्थागत पहल अघि बढाएको हो । नवौं सामाजिक सुरक्षा दिवस, २०८३ का अवसरमा आयोजित कार्यक्रममा महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक तथा सामाजिक सुरक्षामन्त्री सीता बादीले सामाजिक सुरक्षा सबै श्रमिकको साझा अधिकार र सुरक्षित भविष्यको आधार भएको बताइन् ।

उनका अनुसार चालु आर्थिक वर्षको बजेटमा सामाजिक सुरक्षा कोष खर्च शीर्षकअन्तर्गत विनियोजित एक अर्ब ८० करोड ६३ लाख रूपैयाँबाट संघीय सरकारका करार कर्मचारी, राहत तथा अस्थायी शिक्षक र बालविकास सहजकर्तालाई सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गराउने प्रक्रिया थालिएको छ ।

त्यसैगरी, अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकलाई कोषमा आबद्ध गराउन सरकारले सहयोग गर्ने व्यवस्था अघि बढाइएको छ । स्थानीय तहको सहयोगमा कोषमा आबद्ध हुने श्रमिकका लागि हाललाई एक प्रतिशत बराबरको योगदान सरकारले जम्मा गरिदिने व्यवस्था गरिएको मन्त्री बादीले जानकारी दिइन् ।

मन्त्री बादीले सामाजिक सुरक्षा प्रणालीको विस्तारसँगै विभिन्न निकाय र क्षेत्रमा छरिएर रहेका कल्याणकारी कोष तथा सामाजिक सुरक्षासम्बन्धी कार्यक्रमलाई एकीकृत र समन्वय गर्नुपर्ने आवश्यकता औंल्याइन् । सेवा प्रवाहलाई योगदानकर्तामैत्री, पारदर्शी, सरल र प्रभावकारी बनाउनुका साथै कोषको संस्थागत क्षमता विकास सरकारको प्राथमिकतामा रहेको उनले बताइन् ।

सामाजिक सुरक्षालाई रोजगारदातामाथिको अतिरिक्त आर्थिक भारका रूपमा नभई श्रमिकको क्षमता, उत्पादकत्व, श्रमको सम्मान र संस्थागत स्थायित्वमा गरिएको लगानीका रूपमा बुझ्नुपर्ने मन्त्री बादीको भनाइ थियो ।

हाल सामाजिक सुरक्षा कोषमा ३३ लाखभन्दा बढी योगदानकर्ता र करिब २४ हजार रोजगारदाता सूचीकृत भएका छन् । कोषमा एक खर्ब ३३ अर्ब २६ करोड रूपैयाँभन्दा बढी योगदान रकम संकलन भएको छ भने २३ अर्ब २६ करोड रूपैयाँभन्दा बढी दावी भुक्तानी भइसकेको छ ।

संविधानले सामाजिक सुरक्षालाई मौलिक हकका रूपमा सुनिश्चित गरेको उल्लेख गर्दै मन्त्री बादीले योगदानमा आधारित र गैरयोगदानमूलक सामाजिक सुरक्षा प्रणालीलाई एकअर्काका पूरकका रूपमा विकास गरी नागरिकको जीवनचक्रमा आधारित सामाजिक संरक्षण सुनिश्चित गर्नुपर्ने बताइन् । यस वर्षको नवौं सामाजिक सुरक्षा दिवस 'सामाजिक सुरक्षा कोषमा आबद्धता: वर्तमान र भविष्यको सुरक्षा' भन्ने नारासहित मनाइएको हो । *रासस*

पूर्वमन्त्री बास्कोटाको जीवनी तथा मूल्यांकनसम्बन्धी पुस्तक 'एक निष्ठावान् यात्री' सार्वजनिक

■ प्रभाव संवाददाता



काठमाडौं– पूर्वमन्त्री दीपकप्रकाश बास्कोटाको जीवनी तथा मूल्यांकनसम्बन्धी पुस्तक 'एक निष्ठावान् यात्री' लोकार्पण गरिएको छ ।

दीपकप्रकाश बास्कोटा फाउण्डेसनले शनिबार यहाँ आयोजना गरेको कार्यक्रममा प्रथम राष्ट्रपति डा. रामवरण यादवलगायतले पुस्तक सार्वजनिक गरेका हुन् । कार्यक्रमलाई सम्बोधन गर्दै उनले चिया उद्योग खोलेर पूर्वमन्त्री बास्कोटाले किसानलाई दिएको सन्देश महत्त्वपूर्ण रहेको बताए । बास्कोटाले राजनीति, सहकारी र आध्यात्मिक क्षेत्रमा दिएको योगदानको पनि प्रथम राष्ट्रपति यादवले स्मरण गरे ।

सबै क्षेत्रबाट अहिले पूर्वमन्त्री बास्कोटा शरीर र मनलाई व्यवस्थित गर्ने आध्यात्मिक क्षेत्रमा लाग्दा बढी योगदान भइरहेको पनि उनले सुनाए । 'एक निष्ठावान् यात्री' पुस्तकमाथि समीक्षा गर्दै त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति प्रा.डा. तीर्थ खनियाँले पुस्तकले नेपालले विश्वको आध्यात्मिक केन्द्रका रूपमा स्थापित गर्न बल दिने बताए ।

राजनीति र सहकारी क्षेत्रमा लागेका सरल व्यक्तित्व बास्कोटामा महर्षि महेश योगीले भविष्यको आशा देखेर नै अभियानको नेपालमा नेतृत्व गर्ने जिम्मेवारी दिएको हुनसक्ने बताए ।

त्रिभुवन विश्वविद्यालय, नेपाल तथा एसियाली अध्ययन केन्द्र (सिनास) का कार्यकारी निर्देशक प्रा.डा. मृगेन्द्रबहादुर कार्कीले पूर्वमन्त्री बास्कोटाको जीवनीको विषय विश्वविद्यालयको जर्नलमा छपाउन योग्य रहेको त्यसका लागि हुनेगरी लेख तयार पार्न सुझाव दिए । अमेरिका र अस्ट्रेलियाबाट ग्रामीण परिवेशको अध्ययन गर्न आएका विद्यार्थी गाउँमा गएर अध्ययन गरिरहेका बेला नेपालको सहरी क्षेत्रका विद्यार्थी शौचालय छैन भन्ने बहानामा गाउँमा गएर सामाजिक सेवाका विषयको अध्ययन नगर्ने अवस्था अहिले नेपाल निर्माण भएका बेला बास्कोटाको जीवनीमा आधारित पुस्तकले त्यस्ता व्यक्तिलाई पाठ सिकाएको पनि उनले सुनाए ।

विश्वव्यापी महर्षि वैदिक अभियानका अन्तर्राष्ट्रिय निर्देशक अमेरिकी नागरिक डा. किर्स्ती ब्रुक्सले नेपालमा वैदिक पुन:जागरणको अभियान चलाउन पछिल्लो समय बास्कोटाले खेलेको भूमिकाको सराहना गरे । भावातीत ध्यान, वैदिक यज्ञ र जैविक खेतीमार्फत नेपाललाई वैदिक राष्ट्र बनाउने बाटोमा बास्कोटाको नेतृत्वमा काम भइरहेकामा उनले खुसी व्यक्त गरे ।

पुस्तकका लेखक भरतराज पौडेलले तीन वर्ष लगाएर स्वतन्त्ररूपमा पुस्तक लेख्न पाइएको सुनाए । अढाइ वर्षमा बुवा, १३ वर्षमा आमा र त्यसपछि लगत्तै आफन्त गुमाउँदै गएर १८ वर्षको उमेरमा पढाइ सुरु गरेर बास्कोटाले हासिल गरेको उपलब्धिको कथा पुस्तकमा समेटिएको जानकारी पनि उनले दिए ।

कार्यक्रममा पूर्वमन्त्री बास्कोटाले सहकारीका विषयमा विभिन्न राजनीतिक दललाई आफूले दिएको सुझाव नमानेका कारण सहकारी क्षेत्रमा भएका समस्यालगायत विषय पुस्तकमा समेटिएको जानकारी दिए । कार्यक्रममा संस्कृतिविद् डा. घनश्याम खतिवडा, फाउण्डेसनका सञ्चालकद्वय डम्बरकुमारी बास्कोटा र नवीन बास्कोटाले पनि पुस्तकमा समावेश गरिएका विभिन्न विषयका बारेमा चर्चा गरेका थिए ।

पृष्ठ १ बाट क्रमश:

सत्तापक्षलाई...

अर्कोतर्फ, सरकारले संसद्को अधिवेशन नबोलाएको विषयमा पनि आलोचना भइरहेको छ । गत १७ कात्तिकमै सबै प्रतिपक्षी दलहरूले संसदको विशेष अधिवेशन आह्वानको माग गरेका छन् । इनम सापकोटा प्रकरण, राज्यका लोकतान्त्रिक संस्थाहरूमाथि वालेन्द्र सरकारले गरेको हस्तक्षेप, कर्मचारीतन्त्र र प्रेस जगतमाथि भएको धरपकडबारे र जनजीविकाको सवालमा छलफल गर्न संसद् चाहिएको एमाले संसदीय दलकी उपनेता पद्मा अर्याललले बताएकी छन् ।

'हामी सबै प्रतिपक्षी दलले सदनको माग गरेको महिना हुन लाग्यो तर सदन बस्ने छाँट देखिएन, जबकि जनताका जल्दाबल्दा तमाम मामिला छन्,' उनले प्रभावसँग भनिन्, 'राज्यको संस्थाहरूमाथि जसरी सरकारी हस्तक्षेप बढेको छ, त्यसबारे छलफल गर्न सदन चाहिएको छ र माग गर्दा पनि नबोलाएर सरकार अध्यादेश ल्याउन लागेको छ ।'

सरकारले संसद्को हिउँदे अधिवेशन कहिले बोलाउँछ ? टुंगो छैन । राष्ट्रपति पौडेलले यसप्रति पनि प्रधानमन्त्री शाह, सत्तारुढ दल रास्वपाका सभापति लामिछाने र प्रमुख प्रतिपक्षी नेता आङ्देम्बेसँग चासो राखेका थिए । सभामुख डोलप्रसाद अर्याल पनि संसद् बोलाउनेबारे सक्रिय भएका छैनन् ।

जबकि, संसद्को हिउँदे अधिवेशनलाई विधेयक अधिवेशन पनि भन्ने गरिन्छ । कारण, कानुन निर्माणमा मात्रै अधिवेशन केन्द्रित हुने गरेको छ । यद्यपि, वालेन्द्र सरकारले सदन बोलाएर त्यहींबाट कानुन निर्माणभन्दा पनि अध्यादेशको साहारा लिइरहेका छन् । यसबीच यसपटक भने राष्ट्रपतिले तीनवटा अध्यादेश प्रमाणीकरण नगरी विचाराधीन राखेका छन् । यसपछि प्रधानमन्त्री शाह, उनको दलका सभापतिदेखि प्रतिपक्षीय नेताहरू शीतल निवास धाउन थालेका हुन् ।

■■■

जोखिममा रहेका...

बस्ती स्थानान्तरणका लागि सरकारले प्रतिपरिवार तीन लाखदेखि पाँच लाख रूपैयाँसम्म अनुदान दिने व्यवस्था गरेको छ । लाभग्राहीले जग्गा खरिद तथा आवास निर्माणको लागि स्थानीय तहमार्फत माग गरेपछि प्राधिकरणले रकम उपलब्ध गराउने जनाएको छ ।

प्राधिकरणका सहप्रवक्ता पोखरेलले स्वीकृति प्राप्त भइसकेकाले लाभग्राहीले प्रक्रिया पूरा गरेर अनुदान लिन सक्ने बताए । 'बस्ती स्थानान्तरण गर्ने कुरा अनुमोदन भइसक्यो । अब लाभग्राहीले अनुदान लिन सक्नुहुन्छ । गाउँपालिकामार्फत उहाँहरूले माग गर्ना साथ हामी अनुदान रकम पठाइदिन्छौं,' उनले भने ।

तर, बस्ती स्थानान्तरणको विषय अनुदान वितरणमामात्रै सीमित छैन । नयाँ ठाउँमा जग्गाको उपलब्धता, घर निर्माणको लागत, खानेपानी, सडक, विद्यालय र जीविकोपार्जनका आधारसमेत सुनिश्चित गर्नुपर्ने हुन्छ । पुरानो थातथलो, खेतीपाती र सामाजिक सम्बन्ध छाडेर नयाँ ठाउँमा जान स्थानीयलाई तयार पार्नु पनि उत्तिकै चुनौतीपूर्ण छ ।

विशेषगरी जोखिम पहिचान भइसकेपछि पनि वर्षौंसम्म स्थानान्तरणको निर्णय कार्यान्वयन हुन नसक्नुले विपद् व्यवस्थापनमा देखिएको ढिलाइलाई उजागर गर्छ । अब स्वीकृति प्राप्त चार बस्तीका परिवारले साँच्चिकै सुरक्षित आवास पाउँछन् कि अनुदान र प्रक्रियामै अल्झिन्छन् भन्ने महत्त्वपूर्ण प्रश्न बनेको छ ।

■■■

जापानको कृषि...

जापानको मिराई नामक कम्पनीले पनि दक्षिण एसियाली मुलुकबाट कृषि श्रमिक लैजाने तयारी अघि बढाएको छ । यसका लागि जापानको निर्दिष्ट सीपयुक्त श्रमिकअन्तर्गत कृषि क्षेत्रको परीक्षा उत्तीर्ण गर्नुपर्छ । मिराईको मूल कम्पनी सस्टेनेबल होल्डिङ्सका अधिकारी युजी नोमुराका अनुसार दक्षिणपूर्वी एसियाली मुलुकमा ज्याला बढ्दै जाँदा त्यहाँबाट जापान जाने श्रमिकको प्रवाह प्रभावित भएको छ । त्यसैले जापानले दक्षिण एसियाली मुलुकलाई श्रमिक आपूर्तिको नयाँ स्रोतका रूपमा हेर्न थालेको जनाइएको छ ।

समाचारका अनुसार सन् २०१८ देखि कम्पनीले एसियाका विभिन्न मुलुकमा जापानी भाषा र सीपसम्बन्धी तालिम सञ्चालन गर्दै आएको छ । फिलिपिन्स, इण्डोनेसिया, भियतनाम, बंगलादेश र म्यानमारमा रहेका साझेदार संस्थामार्फत श्रमिकलाई प्रशिक्षण दिईदै आएको छ । पछिल्लो समय नेपाल र श्रीलंकामा पनि यसको सञ्जाल विस्तार गरिएको छ । गत साता जापानी प्रतिनिधिमण्डलले नेपालबाट कृषि क्षेत्रमा कसरी कामदार लग्न सकिन्छ भनेर सेमिनारसमेत आयोजना गरेको थियो ।

जापानको कृषि क्षेत्रमा निर्दिष्ट सीपयुक्त श्रमिकका रूपमा काम गर्न जापानी भाषाको आधारभूत तहको एन-४ परीक्षा उत्तीर्ण गर्नुपर्छ । साथै, कृषि क्षेत्रसँग सम्बन्धित लिखित तथा प्रयोगात्मक परीक्षा पनि उत्तीर्ण गर्नुपर्छ । यसरी छनोट भएका श्रमिकले पहिलो तहको निर्दिष्ट सीपयुक्त श्रमिकका रूपमा अधिकतम पाँच वर्षसम्म जापानमा काम गर्न पाउँछन् ।

जापानको कृषि, वन तथा मत्स्यपालन मन्त्रालयका अनुसार सन् २०२५ डिसेम्बरको अन्त्यसम्म कृषि क्षेत्रमा निर्दिष्ट सीपयुक्त श्रमिक र प्राविधिक प्रशिक्षार्थीको कूल संख्या ६७ हजार ९०५ पुगेको थियो । यसले जापानको कृषि क्षेत्र विदेशी श्रमिकमा निर्भर हुँदै गएको देखिन्छ ।

जापानमा नेपाल, बंगलादेश र श्रीलंकाका श्रमिकलाई मिहेनती र जिम्मेवार मानिने गरेको समाचारमा भनिएको छ । त्यहाँ काम गर्ने श्रमिकले राम्रो आम्दानी गर्नुका साथै आधुनिक कृषि प्रविधि सिक्ने अवसर पनि पाउने बताइन्छ । हाल नेपालबाट नर्सिङ केयरगिभर, हस्पिटालिटी, निर्माण, उत्पादनलगायतका क्षेत्रमा जापान जाँदै आएका छन् । नेपालका लागि जापानको कृषि क्षेत्रमा पनि युवाहरू आकर्षित हुने देखिन्छ ।

■■■

बढ्दो महँगी...

प्रधानमन्त्री वालेन्द्र शाहको भारत भ्रमणका क्रममा भएका सहमति र विकास सहयोगलाई सकारात्मकरूपमा लिएको कांग्रेसले जनाएको छ । कांग्रेसले भ्रमणका सहमति कार्यान्वयनका लागि स्पष्ट कार्ययोजना र समयसीमा सार्वजनिक गर्नसमेत माग गरेको छ ।

भोटेकोशी, बूढीगण्डकी र कालीगण्डकीलगायतका बाढीप्रभावित क्षेत्रको पुन:स्थापना तथा पुनर्निर्माणलाई तीव्रता दिन र भूमिहीन, दलित तथा सुकुमबासीको समस्या समाधान गर्दा मानवीय संवेदनशीलता र वैकल्पिक आवासको व्यवस्था सुनिश्चित गर्न कांग्रेसले सरकारको ध्यानाकर्षण गराएको छ ।

पार्टीको झण्डा र चुनाव चिह्न अनधिकृत प्रयोग नगर्न आग्रह

बैठकले पार्टीको नाम, झण्डा र चुनाव चिह्नको अनधिकृत प्रयोग नगर्न आग्रह गरेको छ । महामन्त्री पौडेलका अनुसार पार्टी केन्द्रीय समितिले लैंगिक समानता तथा सामाजिक समावेशीकरण प्रतिष्ठान स्थापना गर्ने निर्णय गरेको छ । साथै, सार्वजनिक कार्यक्रम सञ्चालन कार्यविधि, २०८३ पारित गर्नुका साथै किसान र उखु किसानका समस्या समाधान गर्नुपर्ने विषयलाई कांग्रेसले प्राथमिकतामा राखेको जानकारी दिइएको छ ।

अर्का महामन्त्री डिला पन्त संग्रौलाले पार्टीको वैधानिकतासम्बन्धी विवाद समाप्त भइसकेको दाबी गर्दै पार्टीभित्र देखिएको असन्तुष्टि राजनीतिक संवादमार्फत समाधान गर्ने बताइन् ।

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८३/०८/१३ गते

यस कम्पनीको मिति २०८३/०७/०८ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **रेडफाएन रियल स्टेट प्रा.लि.**को नाम परिवर्तन गरी **रेडफिन रियल स्टेट प्रा.लि.(दर्ता नम्बर ४००१९८)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०७/१८ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै सावीकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आजको राशिफल



ज्यो. गुरू अनन्त
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

आइतबार, १३ मंसिर, २०८३

मेष नयाँ योजना सफल हुने संकेत छ । दाम्पत्य तथा पारिवारिक सम्बन्धमा आत्मीयता बढ्नेछ ।

वृष दिन उत्साहपूर्ण रहनेछ । अध्ययन, व्यापार तथा रोजगारीका क्षेत्रमा परिणाम प्राप्त हुन सक्छ ।

मिथुन आम्दानीका नयाँ स्रोत भेटिन सक्छन् अनावश्यक विवादबाट टाढा रहनुहोला।

कर्कट आत्मविश्वास बढ्नेछ । कार्यक्षेत्रमा प्रशंसा पाइनेछ र महत्वपूर्ण निर्णय लिन सकिनेछ ।

सिंह रोकिएका काम अघि बढ्नेछन् । नयाँ अवसर प्राप्त हुन सक्छ, तर खर्चमा ध्यान दिनुहोला ।

कन्या जिम्मेवारी बढे पनि काममा सफलता मिल्नेछ । बोली र व्यवहारमा संयम अपनाउनुहोला ।

तुला नयाँ अवसर प्राप्त हुनेछन् । रोकिएका काम पूरा हुनेछन् र व्यापार व्यवसायमा सुधार आउनेछ ।

वृश्चिक सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ व्यक्तिसँगको भेटघाट फलदायी बन्न सक्छ ।

धनु मेहनतअनुसार सफलता मिल्नेछ । आर्थिक कारोबार गर्दा सोचविचार गरेर अघि बढ्नुहोला ।

मकर आर्थिक पक्ष सबल बन्नेछ । परिवारमा सुखद वातावरण रहनेछ र मानसम्मान बढ्नेछ ।

कुम्भ नयाँ कामको योजना बन्नेछ । साथीभाइबाट सहयोग मिल्नेछ भने यात्राको अवसर आउन सक्छ ।

मीन काममा उत्साह बढ्नेछ । पारिवारिक सम्बन्धमा सुधार आउनेछ र आर्थिक लाभको सम्भावना छ ।

प्रहरी तथा एम्बुलेन्स

प्रहरी कन्ट्रोल क प्रहरी	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१९४५/४२६१७९०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६९९९
परोपकार एम्बुलेन्स सेवा	४२६०८५९
विशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०९४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	१०४/४२२६००६

H अस्पताल र विविध

दमकल	१०१
रक्तसञ्चार केन्द्र	४२२५३४४
नेपाल आँखा बैंक	४४९३६८४
नेपाल आँखा अस्पताल	४२५०६९१
मध्यपुर अस्पताल, भक्तपुर	०१-६६३१६५८
तिलगंगा आँखा अस्पताल	४४९३६८४
वीर अस्पताल	४२२१९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
प्रसूति गृह	४२५३२७६
टेकु अस्पताल	४२५३३९६
पाटन अस्पताल	५५२२२७८
भक्तपुर अस्पताल	६६१०६७६
मानसिक अस्पताल	५५२१३३३
कान्ति बाल अस्पताल	४४१४७९८/४४२७४५२
काठमाडौं मोडेल अस्पताल	४२४०८०५२६
बी एण्ड बी अस्पताल	५५३३२०६
मेडिकेयर नेसनल अस्पताल	४४६७०६७
मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स)	४४६७०६७
फ्रेन्डस अफ शान्ता भवन	४४७०१८१
नेपाल अर्थोपेडिक अस्पताल	४४९३७२५
काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल	४४७६१५२
नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी	४९११००८
कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज	४३७०१३६
कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने	४१११९५७/८५८
ओम हस्पिटल एण्ड रिसर्च सेन्टर	४४७६२२५
नर्भिक, थापाथली	४२५८५५४
सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र	४३७१३२२/४३७१३७४
लाइफ केयर अस्पताल	४२२७७३५
मितेरी अस्पताल	६६३१७३६२६६३४०१६
क्यापिटल हस्पिटल (प्रा.) लि.	४२४४०२२
श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं)	४४९८०३५
नि:शुल्क होमियो दातव्य	४२५५५४०/४२५५५४१
चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस	६६१२२६६
एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किडनी सेन्टर	४३६३४५२/४३६०८८९
मानसिक अस्पताल	४४८०१७०
ह्याम्स अस्पताल, बुद्धनगर	४७८४८४०/४७८५१५७
ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि.	४३५४५३७/४३८१९६२
गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट	४२५८५५२/४२५८५५१
मनमोहन मेमोरियल अस्पताल, लैनचौर	४४११६०५/४४२०८२३
भरोसा अस्पताल प्रा.लि., बानेश्वर	४४७४९६८/४४८९८९१

शववाहन र विविध

सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी	०१ ६९१२९१४४
जनमैत्री हस्पिटल, बालाजु	४३६६३०१-०५
विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु	४३८३९५२/४३८०८४८
नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आइघाट सेवा कन्द्र	४४९२९९९
देव कर्नर नि:शुल्क शववाहन सेवा	४४३४०९३
नेपाल मिटर टचाक्सी संघ	४२२४३७४

नेपाल राष्ट्र बैंक

१३ मंसिर, २०८३ (२९ नोभेम्बर २०२६)

मुद्रा	एकाइ	खरिद दर	बिक्री दर
भारतीय रुपैयाँ	१००	१६०.००	१६०.१५
अमेरिकी डलर	१	१४८.४८	१४९.०८
युरो	१	१६२.७०	१६३.३६
पाउन्ड स्टर्लिङ	१	१९४.८७	१९५.६६
स्विस फ्रैन्क	१	१७७.६३	१७८.३५
अस्ट्रेलियन डलर	१	९९.०९	९९.४९
क्यानाडियन डलर	१	१०४.२२	१०४.६४
सिङ्गापुर डलर	१	११५.१३	११५.६०
जापानी येन	१०	९.३१	९.३४
चिनियाँ युआन	१	२२.३१	२२.४०
साउदी अरब रियाल	१	३९.५८	३९.७४
कतारी रियाल	१	४०.७२	४०.८९
थाई भाट	१	४.३८	४.४०
संयुक्त अरब इमिरेट दिराम	१	४०.४३	४०.५९
मलेसियन रिङ्गेट	१	३६.०२	३६.१६
दक्षिण कोरियन वन	१००	११.१४	११.१८
स्विडिस क्रोनर	१	१४.५४	१४.६०
डेनिस क्रोनर	१	२१.७७	२१.८६
हङकङ डलर	१	१८.९७	१९.०४
कुवेती दिनार	१	४८०.६७	४८२.६२
बहराइन दिनार	१	३९३.८२	३९५.४१

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरुले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।



सामूहिक बेलविवाहमा चासो | भक्तपुरको सामूहिक बेलविवाहमा तस्बिर खिच्दै विदेशी पर्यटक । भक्तपुर नगरपालिका-७, यातास्थित 'ई:हि जगे' (बेलविवाह) समारोहमा 'ई:हि पर्सि' (फरिया) लगाएर सजिएका बालिका । *तस्बिर: रासस*

भारतसँग भएका सहमति–समझदारी कार्यान्वयनका लागि समन्वय सुरु

काठमाडौं– प्रधानमन्त्री बालेन्द्र शाहको भारतको राजकीय भ्रमणपश्चात् भ्रमणका क्रममा भएका सहमति, समझदारी एवं निर्णयहरूको कार्यान्वयनका लागि परराष्ट्र मन्त्रालयबाट सम्बन्धित निकायहरूसँग समन्वय सुरु गरेको छ ।

प्रधानमन्त्री शाहले यही मंसिर ६ र ७ गते भारतको राजकीय भ्रमण गरेका थिए । उक्त भ्रमणका अवसरमा नेपाल-भारतबीच संयुक्त दृष्टिपत्र दस्तावेज, विभिन्न विषयहरूमा आपसी सहमति र समझदारीलगायत महत्त्वपूर्ण निर्णयहरू भएका थिए । उक्त दस्तावेजमा उल्लेख भएका विषयहरूलगायत अन्य महत्त्वपूर्ण सहमति/समझदारी/निर्णयहरू दुई देश र नागरिकहरूले प्रत्यक्ष अनुभूति गर्नेगरी कार्यान्वयनमा लैजानका लागि मन्त्रालयले आफ्नो कार्य अगाडि बढाइसकेको जनाएको छ ।

तत्तत् मन्त्रालय र निकायहरूबाट सम्बन्धित समझदारीपत्र तथा सहमति कार्यान्वयनमा जाने र सोको समयसमयमा नियमन गर्ने कार्य मन्त्रालयबाट पूर्ववत् र निरन्तररूपमा हुने मन्त्रालयका प्रवक्ता एवं सहसचिव लोकबहादुर पौडेल क्षेत्रीले जानकारी दिए ।

मन्त्रालयद्वारा शुक्रबार आयोजित नियमित प्रेस ब्रिफिङमा उनले भने, 'सर्वसाधारण नागरिक सबैले बुझ्न सकिनेगरी सम्माननीय प्रधानमन्त्रीज्यूको भारत भ्रमणका क्रममा भएका उपलब्धिसम्बन्धी १२ वटा 'क्यारसोल ग्राफिक्स' तयार गरी हाम्रो सामाजिक सञ्जालमार्फत पनि सेयर गरिसकेका छौं ।'

साथै उनले विदेशमा रहेका नेपाली नागरिकको सुरक्षा र हित सरकारको प्राथमिकतामा रहेको उल्लेख गर्दै साउदी अरेबियालगायत पश्चिम एसिया क्षेत्रमा विकास भएका पछिल्ला घटनाक्रमलाई सरकारले नजिकबाट नियालिरहेको बताए । 'कुनै पनि समस्याको समाधान शान्तिपूर्ण वार्ता र कूटनीतिक माध्यमबाट हुनुपर्ने र कुनै पनि बहानामा जीउ ज्यान र निजी सम्पत्ति एवं सार्वजनिक पूर्वाधारलाई निशाना बनाउन नहुने विषयलाई हामीले विशेष जोड दिन चाहन्छौं,' उनले भने ।

साउदी अरबको 'किङ अब्दुल्ला फानन्सियल डिस्ट्रिक्ट' अन्तर्गत रहेको पब्लिक इम्भेस्टमेन्ट फण्ड टावर र जजान क्षेत्रमा भएका पछिल्ला दुई आक्रमणमा परी घाइते भएका चार जना नेपाली नागरिकलाई रियादस्थित अस्पतालमा उपचारका लागि लगिएकामा एक जनाको निधन भएको, एक जना स्वास्थ्यलाभ गरी अस्पतालबाट फर्किएका छन् । बाँकी दुई जना उपचाररत रहका मन्त्रालयले जनाएको छ ।

प्रवक्ता क्षेत्रीले भने, 'शव नेपाल ल्याउने विषयमा नेपाली राजदूतावास, रियादबाट आवश्यक समन्वय सुरु भइरहेको पनि जानकारी गराउँदछौं ।' उक्त क्षेत्रमा रहेका नेपाली नागरिकलाई स्थानीय सरकार र सम्बद्ध नेपाली राजदूतावासबाट जारी गरिएका सुरक्षासम्बन्धी मार्गदर्शन, सूचना र जानकारी पूर्णपालना गर्न विशेष अनुरोध गरिएको छ ।

सो अवसरमा उनले नेपाल र जापानबीच सन् १९५६ मा स्थापना भएको कूटनीतिक सम्बन्धको ७०औं वर्षगाँठ यस वर्ष विभिन्न कार्यक्रमका साथ मनाउन लागिएको जानकारी दिए । सात दशक लामो यस मैत्रीपूर्ण सहयात्रा आपसी सौहार्द्रता, पारस्परिक विश्वास एवं द्विपक्षीय सहयोगमा आधारित रहँदै आएको छ । यस अवधिमा दुई देशबीच व्यापार, लगानी, ऊर्जा, पूर्वाधार, पर्यटन, शिक्षा तथा संस्कृतिलगायतका क्षेत्रमा सहकार्य र आदानप्रदान थप विस्तार हुँदै गएको छ ।

यसका साथै मन्त्रालयले गत भदौ १० गते भोटेकोशी नदीमा आएको विनासकारी बाढीपश्चात् रसुवागढी नाका पूर्णरूपमा अवरुद्ध रहेको अवस्थामा नेपाल-चीन तातोपानी-झाङमुनाका सञ्चालन गर्न गरिएका प्रयासबारेमा अवगत गराएको छ । सो नाकाबाट ठूला मालवाहक ट्रक तथा कन्टेनरका लागि खुला गर्नेलगायत अन्य नाकाबाट आवागमन सहज बनाउन र अन्य नाकाबाट हुने आवागमनका सम्बन्धमा सम्बन्धित निकाय र मित्रराष्ट्र चीन सरकारसँग मन्त्रालयबाट आवश्यक समन्वय भइरहेको उनले बताए । *रासस*

मंसिर २५ र २६ गते भृकुटीमण्डपमा सेलो संगीत महोत्सव



■ प्रभाव संवाददाता

काठमाडौं– नेपाल तामाङ कलाकार संघले 'चौथो तामाङ मौलिक सेलो संगीत महोत्सव-२०८३' आयोजना गर्ने भएको छ । महोत्सव यही मंसिर २५ र २६ गते काठमाडौंको भृकुटीमण्डपमा हुने शुक्रबार आयोजित पत्रकार सम्मेलनमा संघका अध्यक्ष विशाल काल्तानले जानकारी दिए ।

तामाङ समुदायको मौलिक सांस्कृतिक पहिचानका रूपमा रहेको डम्फु तथा ताम्वा संस्कृतिको संरक्षण र पुस्तान्तरणसँगै सेलो, म्हेन्दोमाया, खन्दोके र फापरेजस्ता मौलिक संगीतको प्रवर्द्धन गर्न महोत्सव गर्न लागिएको उनले बताए ।

महोत्सवको पहिलो दिन मंसिर २५ गते तामाङ मौलिक संस्कार र संस्कृति झल्किने झाँकीसहित उद्घाटन समारोह हुने छ । कार्यक्रममा लामा, तम्वा र बोन्पोद्वारा पूजा, तम्वाहरूको डम्फु तथा तम्वा गीत प्रस्तुति, मौलिक सांगीतिक कार्यक्रम र विभिन्न व्यक्तित्वबाट शुभकामना मन्तव्य रहने आयोजकले जनाएको छ ।

संघले प्रदान गर्दै आएको 'सेलो संगीत पुरस्कार' तामाङ मौलिक संगीत क्षेत्रमा लामो समयदेखि योगदान पुऱ्याउँदै आएका अग्रज संगीतकार एवं गायक प्रेम लोप्चनलाई प्रदान गरिने भएको छ । संघका अनुसार पुरस्कारको राशि २५ हजार रूपैयाँ रहेको छ । महोत्सवको दोस्रो दिन मंसिर २६ गते विशेष सांगीतिक तथा मनोरञ्जनात्मक कार्यक्रम हुने छ । उक्त महोत्सवमा चन्द्रकुमार मोक्तान, चन्द्रकुमार दोङ, रोज मोक्तान, प्रेम लोप्चनलगायत कलाकारको प्रस्तुति रहने छ । साथै, विभिन्न सांगीतिक ब्याण्डको लाइभ प्रस्तुति पनि मुख्य आकर्षणका रूपमा रहने आयोजकले जनाएको छ ।

देउवा कांग्रेसको महामन्त्रीमा बस्नेतको उम्मेदवारी घोषणा

■ प्रभाव संवाददाता

काठमाडौं– शेरबहादुर देउवा नेतृत्वको नेपाली कांग्रेसका नेता मोहनबहादुर बस्नेतले महामन्त्रीमा उम्मेद्वारी दिने घोषणा गरेका छन् । शनिबार काठमाडौंमा पत्रकार सम्मेलन आयोजना गरी बस्नेतले महामन्त्री पदमा उम्मेदवारी घोषणा गरेका हुन् ।

यही मंसिर २१ गतेबाट हुन लागेको १५औं महाधिवेशनमा आफूले महामन्त्रीमा उम्मेदवारी दिने बस्नेतले बताएका हुन् । 'आजबाट म महामन्त्रीमा चुनाव लड्ने विषयमा तयार भएको छु,' बस्नेतले भने । १४औं महाधिवेशनमा केन्द्रीय सदस्यमा निर्वाचित बस्नेत पूर्वमन्त्री हुन् ।

बस्नेत सिन्धुपाल्चोक क्षेत्र १ र २ दुवै क्षेत्रबाट निर्वाचित भएका नेता हुन् । बस्नेत पछिल्लो समय देउवा समूहमा सक्रियरूपमा लाग्दै आएका छन् । बस्नेतले देशको नेतृत्वका लागि कांग्रेस आवश्यक भएकोले अहिलेको अवस्थामा आफू नेतृत्वमा अघि बढेको बताए ।



विवाहपञ्चमीको निम्तो बोकेर जनकपुरधामबाट अयोध्या प्रस्थान गऱ्यो टोली



जनकपुरधाम– त्रेतायुगीन राम-सीता विवाहको पौराणिक परम्परालाई पुनःजीवन्त बनाउँदै जनकपुरधाममा मनाइने विवाह पञ्चमी महोत्सवको निम्तो दिन यहाँबाट शनिबार एक टोली भगवान् श्रीरामको जन्मभूमि अयोध्या प्रस्थान गरेको छ ।

जानकी मन्दिर, जनकपुरधाम उपमहानगरपालिका, विश्व हिन्दू परिषद् तथा नागरिक समाजका प्रतिनिधि सम्मिलित टोली अयोध्या-जनकपुरधाम सञ्चालन भएको सरयू-कमला एक्सप्रेस रेलमार्फत अयोध्या गएको हो ।

टोलीले अयोध्या पुगेर विवाह पञ्चमी महोत्सवमा सहभागी हुन भगवान् श्रीरामको जन्मभूमिका बासिन्दा तथा धार्मिक अगुवालाई औपचारिक निमन्त्रणा दिने कार्यक्रम रहेको विश्व हिन्दू परिषद् धनुषाका अध्यक्ष सन्तोष साहले जानकारी दिए । निमन्त्रणासँगै विवाह पञ्चमीमा जनकपुरधाममा हुने धार्मिक तथा सांस्कृतिक कार्यक्रमबारे जानकारी गराइने उनले बताए ।

जनकपुरधामका नगरप्रमुख मनोजकुमार साहले विवाहपञ्चमी महोत्सवले जनकपुरधाम र अयोध्याबीचको धार्मिक तथा सांस्कृतिक सम्बन्धलाई थप मजबुत बनाउने बताए । उनले राम-सीताको वैवाहिक सम्बन्धसँग जोडिएका यी दुई पवित्रस्थलबीचको ऐतिहासिक सम्बन्धलाई निरन्तरता दिन निमन्त्रणा टोली अयोध्या प्रस्थान गरेको जानकारी दिए ।

त्रेतायुगमा मिथिलाका राजा जनकले आफ्नी छोरी सीताको विवाहका लागि अयोध्याका राजा दशरथलाई निमन्त्रणा पठाएको पौराणिक मान्यतासँग जोडिएको परम्परालाई पुनःजीवन्त बनाउने उद्देश्यले टोली अयोध्या गएको उनको भनाइ छ ।

टोलीले विवाह पञ्चमी महोत्सवको निमन्त्रणासँगै फलफूल, गरगहना, भाँडाकुँडालगायतका सामग्री समावेश गरिएको भारसमेत लिएर गएको छ । मिथिलाको वैवाहिक संस्कारमा बेहुलापक्षलाई सम्मानपूर्वक भार तथा उपहार पठाउने परम्परा रहिआएको छ ।

जनकपुरधाममा प्रत्येक वर्ष मंसिर शुक्ल पञ्चमीका दिन राम-सीताको विवाहको स्मरणमा सप्ताहव्यापीरूपमा विवाहपञ्चमी महोत्सव मनाउने गरिन्छ । महोत्सवका क्रममा राम-सीताको स्वयंवर, तिलकोत्सव, मटकोर, शुभविवाह, रामकलेवालगायतका धार्मिक तथा सांस्कृतिक कार्यक्रम आयोजना हुँदै आएका छन् ।

विवाह पञ्चमी महोत्सवमा नेपाल तथा भारतका हजारौं श्रद्धालु सहभागी हुने गरेका छन् । विशेषगरी अयोध्याबाट जन्ती आउने र जनकपुरधाममा मिथिलाको परम्पराअनुसार स्वागत तथा विवाह उत्सव मनाउने चलनले यस महोत्सवलाई विशिष्ट धार्मिक तथा सांस्कृतिक महत्व प्रदान गरेको छ । *रासस*

कतारमा रोजगार

कम्पनी : Melaka Contracting And Services

पूर्व स्वीकृति मिति : २०८३/०३/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०८/१२ | LT. No. 344481 | चलानी नं. ६०२५७८४८

दि.नं.	कामदारको पद	नाम संख्या पुरुष	महिला	मासिक तलब QR	अ.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	ढुवानी
1	Hr Manager	0	1	6200	२,५३,२०२	छ	८	६	३० दिन	छ		छ
2	Receptionist	0	1	2500	१,०२,०८७	छ	८	६	३० दिन	छ		छ

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ मंसिर २० गते (6th Dec. 2026) मा हुनेछ ।

रोजगार बिमा सुविधा	रोजगार बिमा हुने/नहुने	हवाई टिकट	बिमा शुल्क	समाजिक सरक्षा कोष	कल्याणकारी कोष	सेवा शुल्क	अभिमुखिकरण	बिमा दावीको
कामदार आफै	दिने	कामदार आफैले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २,२९९ - कामदारले तिर्ने	रु. १,५०० - कामदार आफैले	निःशुल्क	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विज्ञापन सरदुश्मो जानकारी: १) आफ्नो नाममा बिना शुल्क भई जारी लिखित आधिकृत छाप कागजमात्र भरेको । कुनैपनि रकमको बीचमा अनियमित नलिनुहोला । २) आफू बसाइसाई पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमिसनई नलिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, धोखो एजेन्सि आफुसंग गर्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही कुरा परेमा वैदेशिक रोजगार विभाग तहासम्म सम्पर्क गर्नुहोला ।

ABC PLACEMENT PVT. LTD.
LIC 537/061/62
ABC PLACEMENTS PVT. LTD
Gaushala-9, Kathmandu, Nepal, Tel : 977-1-4582340, Balram Singh 9813169133
Email : infoabcplacement@gmail.com, info@abcplacement.com, Website: www.abcplacement.com

याम्बालिङ्ग हाइड्रोपावर लिमिटेड

ललितपुर म.न.पा. १०, ललितपुर

छैटौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८३/०८/७

यस कम्पनीको संचालक समितिको मिति २०८३ मंसिर ६ गतेको निर्णय अनुसार छैटौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयर धनी महानुभावहरुलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

छैटौं वार्षिक साधारण सभा हुने मिति, समय र स्थान :

मिति :- २०८३ मंसिर २८ गते सोमवार (तदनुसार १४ डिसेम्बर, २०२६)

समय :- विहान ११ बजे

स्थान :- हार्दिक होटल, वागवजार , काठमाण्डौं ।

छैटौं वार्षिक साधारण सभाका प्रस्तावहरु

१.सामान्य प्रस्तावहरु

क) कम्पनीको तर्फ बाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. २०८२/८३ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

ख) कम्पनीको आ.व. २०८२/८३ को लेखापरीक्षण प्रतिवेदन तथा वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

ग) कम्पनीको आ.व. २०८३/८४ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षक नियूक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धी ।

२.विशेष प्रस्ताव

क) संचालक समितिमा सर्वसाधारण समूहबाट प्रतिनिधित्व गर्ने संचालकको नियूक्ति सम्बन्धी ।

ख) कम्पनीको रजिष्ड कार्यालय परिवर्तन हुने भएकोले कम्पनीको प्रवन्ध पत्र र नियमावली संशोधन सम्बन्धी ।

३. विविध

साधारण सभा सम्बन्धी थप जानकारी :

१ वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८३।८।१५ गते एक दिन शेयर दर्ता किताव वन्द (Book close) रहनेछ ।

२ साधारण सभामा भाग लिन प्रतिनिधी (प्रोक्सी) नियुक्ति गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधीपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनु भन्दा कम्तिमा २ दिन अगावै अर्थात मिति २०८३/०८/२६ गते दिनको ५ बजे भित्र कम्पनीको रजिष्टार्ड कार्यालयमा दर्ता गराई सक्नु पर्ने वा कम्पनीको इमेल yambaling@gmail.com मा पठाइ सक्नुपर्नेछ । कम्पनीको शेयरधनी वाहेक अरुलाई प्रोक्सी दिन पाइने छैन ।

३ कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नुहुनेछ ।

४ सभा हुने दिन सभामा उपस्थितिका लागि हाजिर पुस्तिका विहान १०:०० बजे देखि खुल्ला रहने छ । सभामा भाग लिन शेयरधनीहरुले अनिवार्य रुपमा आफ्नो परिचय खुल्ने कुनै प्रमाणपत्र तथा हितग्राही खाता (Demat Account) मा शेयर अभौतिकिकरण गरिएको विवरण लिएर आउनुपर्नेछ ।

५ साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा टेलिफोन नं. ०१-५४५०९३४ मा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

प्रभाव दैनिक
National Daily

सम्पादकीय

लैंगिक हिंसाविरूद्धको अभियानः कर्मकाण्डबाट माथि उठ्ने बेला

प्रत्येक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म विश्वभर लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान मनाइन्छ । नेपालमा पनि सरकारी निकाय, गैरसरकारी संस्था र नागरिक समाजको सक्रियतामा यो अभियान भव्यरूपमा सञ्चालन गर्ने परम्परा छ । गोष्ठी, र्‍याली, सेमिनार र सामाजिक सञ्जालका अभियानमार्फत लैंगिक हिंसा अन्त्यको प्रतिबद्धता व्यक्त गरिन्छ । तर, वर्षौंदेखि चल्दै आएको यो अभियानले समाजको तल्लो तहमा अपेक्षित परिवर्तन ल्याउन सकेको छ कि केवल वार्षिक कर्मकाण्डमा मात्र सीमित छ भन्ने गम्भीर प्रश्न उब्जिएको छ ।

नेपालको संविधानले लैंगिक समानता र महिलाको हकलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ । घरेलु हिंसा, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार र जातीय तथा लैंगिक विभेदविरुद्ध कडा कानुनहरू पनि बनेका छन् । यद्यपि, व्यवहारमा महिला, बालबालिका तथा लैंगिक अल्पसंख्यकहरूमाथि हुने हिंसाका घटनामा कमी आउन सकेको छैन । बलात्कार, घरेलु हिंसा, बोक्सीको आरोप, दाइजो प्रथा र पछिल्लो समय डिजिटल माध्यमबाट हुने साइबर हिंसाका घटनाहरू डरलाग्दो रूपले बढिरहेका छन् । पीडितले न्याय पाउन भोग्नुपर्ने झण्झटिलो कानुनी प्रक्रिया, समाजको लाञ्छना र आर्थिक परनिर्भरताका कारण धेरै घटनाहरू घरभित्रै दबाइने गरेका छन् ।

यसर्थ, नेपालको सन्दर्भमा लैंगिक हिंसाविरुद्धको १६ दिने अभियानलाई साँच्चै प्रभावकारी र परिणाममुखी बनाउन अब पुरानो शैलीमा आमूल परिवर्तन आवश्यक छ । सर्वप्रथम, यो अभियानलाई सहरका तारे होटल र सभाहलबाट निकालेर ग्रामीण बस्ती, विद्यालय र परिवारको भान्सासम्म पुऱ्याउनुपर्छ । पढेलेखेका र सचेत वर्गमाझमात्र गरिने बहसले वास्तविक पीडितको आवाजलाई समेट्न सक्दैन । स्थानीय तहका न्यायिक समिति, वडा कार्यालय र आमा समूहहरूलाई सक्रिय बनाउँदै समुदायस्तरमै सचेतना र निगरानी संयन्त्र बलियो बनाउनुपर्छ ।

दोस्रो, लैंगिक हिंसा अन्त्यका लागि पुरुष र युवा पुस्ताको सक्रिय सहभागिता अपरिहार्य छ । हिंसालाई केवल 'महिलाको मात्र समस्याश' का रूपमा बुझ्ने परम्परागत चिन्तन नतोडेसम्म दिगो परिवर्तन सम्भव छैन । विद्यालय तहको पाठ्यक्रममै लैंगिक समानता, मर्यादित व्यवहार र डिजिटल सुरक्षासम्बन्धी व्यावहारिक शिक्षा समावेश गरिनुपर्छ ।

तेस्रो, पीडितमैत्री न्याय प्रणाली र शीघ्र सुनुवाइको सुनिश्चितता हुनुपर्छ । उजुरी दर्तादेखि अनुसन्धान र फैसलासम्म पीडितको गोपनीयता, सुरक्षा र मनोसामाजिक परामर्शको ग्यारेण्टी राज्यले लिनुपर्छ । साथै, हिंसाप्रभावित महिलाहरूको आर्थिक सशक्तीकरणका लागि सीपमूलक तालिम र रोजगारीको व्यवस्था नगरी उनीहरूलाई हिंसाको चक्रबाट बाहिर निकाल्न कठिन हुन्छ ।

लैंगिक हिंसाविरुद्धको लडाइँ वर्षको १६ दिनमात्र लडिने विषय होइन, यो ३६५ दिनकै निरन्तर अभियान हुनुपर्छ । जबसम्म हरेक घर, कार्यस्थल र सार्वजनिक स्थानमा सम्मान र समानताको संस्कृति विकास हुँदैन, तबसम्म यस्ता अभियानहरूको सार्थकता पुष्टि हुन सक्दैन । तसर्थ, सरोकारवाला सबै पक्षले भाषण र ब्यानरभन्दा माथि उठेर व्यावहारिक कार्यान्वयन र आत्मसमीक्षासहित अगाडि बढ्नु नै आजको मुख्य आवश्यकता हो ।

श्रम सरोकार

नेपालमा पैसा पठाउँदा ध्यान दिनुपर्ने कुराहरु

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ । अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ । विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिट्यान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ । अझ रेमिट्यान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ । वैधानिक माध्यमबाट रेमिट्यान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिट्यान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन् । आफू कार्यरत देशबाट कुन-कुन रेमिट्यान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ । अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिट्यान्स कम्पनी नेपालमा रेमिट्यान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन । कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन् । यसमा सचेतता अपनाउन जरुरी छ ।

रेमिट्यान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ । त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ । केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दावी गर्न सकिन्छ । यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ ।

विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ । यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ । पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई 'स्विफ्ट कोड' भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ । यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिट्यान्सभन्दा महँगो पर्छ ।

पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानुनी माध्यमहरू पनि भेटिन्छन् । यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको कुनै ग्यारेन्टी नहुने हुनाले पैसा डुब्ने जोखिम धेरै हुन्छ । त्यसैले हुण्डीलगायत अवैधानिक च्यानल र व्यक्तिगत माध्यमबाट कहिल्यै पनि पैसा पठाउनु हुँदैन । यसरी अवैधानिक च्यानलबाट पैसा पठाउँदा भोलि नेपालमा आएपछि पनि समस्या हुनसक्छ । त्यसैले सधैं नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त रेमिट्यान्स कम्पनी र तिनका आधिकारिक एजेन्टमार्फत वा बैंकिङ च्यानलमार्फत मात्रै पैसा पठाउने गर्नुपर्छ ।

आयुर्वेदको पुनर्जागरण र स्वस्थ नेपालको संकल्प



■ डा. श्यामबाबु यादव

> नेपालको स्वास्थ्य प्रणालीमा आयुर्वेद र आधुनिक चिकित्सा पद्धतिबीच प्रभावकारी समन्वय आवश्यक छ । नागरिकले आफ्नो आवश्यकता र स्वास्थ्य अवस्थाअनुसार सुरक्षित तथा प्रमाणमा आधारित सेवा प्राप्त गर्न पाउने व्यवस्था हुनुपर्छ । यसका लागि दुवै चिकित्सा प्रणालीबीच ज्ञान, अनुसन्धान, जनशक्ति र सेवा प्रवाहमा सहकार्य बढाउनुपर्छ । एकीकृत चिकित्सा कार्यक्रम सञ्चालन गर्दा उपचारको प्रभावकारिता, बिरामीको सुरक्षा र वैज्ञानिक प्रमाणलाई प्राथमिकता दिनुपर्छ ।

कात्तिक कृष्ण त्रयोदशी अर्थात् धनतेरसका दिन मनाइने धन्वन्तरी जयन्ती तथा राष्ट्रिय आरोग्य दिवस नेपाली समाजको स्वास्थ्य, संस्कृति र मौलिक चिकित्सा परम्परासँग जोडिएको महत्त्वपूर्ण अवसर हो । यो दिवस धार्मिक आस्था र सांस्कृतिक परम्पराको निरन्तरतामात्र नभई आयुर्वेद चिकित्सा पद्धतिको संरक्षण, प्रवर्द्धन, वैज्ञानिक विकास र राष्ट्रिय स्वास्थ्य प्रणालीमा यसको प्रभावकारी समायोजन गर्ने संकल्पको दिन पनि हो ।

आयुर्वेदका प्रवर्तक तथा स्वास्थ्य र औषधिका देवताका रूपमा पूजित भगवान् धन्वन्तरीलाई हिन्दू धर्मग्रन्थमा भगवान् विष्णुको अवतारका रूपमा वर्णन गरिएको छ । पौराणिक मान्यताअनुसार समुद्र मन्थनका क्रममा अमृत कलशसहित भगवान् धन्वन्तरीको प्रादुर्भाव भएको थियो । प्रकृतिमा उपलब्ध जडीबुटी र औषधीय वनस्पतिका माध्यमबाट मानव जीवनलाई निरोगी बनाउने ज्ञानको प्रतीकका रूपमा उनलाई सम्मान गरिन्छ ।

वैदिक दर्शनका चार उपवेदमध्ये एक आयुर्वेदलाई मानव स्वास्थ्य र दीर्घजीवनसँग सम्बन्धित प्राचीनतम् चिकित्सा विज्ञान मानिन्छ । यसले शरीर, मन र आत्माबीचको सन्तुलनलाई स्वस्थ जीवनको आधार मानेको छ । त्यसैले आयुर्वेद केवल रोग लागेपछि उपचार गर्ने पद्धतिमात्र नभई रोगको रोकथाम, स्वास्थ्य प्रवर्द्धन, स्वस्थ जीवनशैली र दीर्घायु प्राप्त गर्ने समग्र विज्ञान हो ।

नेपालमा २०५६ सालदेखि धन्वन्तरी जयन्तीलाई राष्ट्रिय आरोग्य दिवसका रूपमा मनाउन थालिएको हो । यसले आयुर्वेद चिकित्सा प्रणालीलाई राष्ट्रिय पहिचान, जनस्वास्थ्य र स्वास्थ्य सेवाको महत्त्वपूर्ण आधारका रूपमा स्थापित गर्ने उद्देश्य बोकेको छ । हरेक वर्ष विभिन्न कार्यक्रम, स्वास्थ्य सचेतना अभियान, योग तथा ध्यान अभ्यास, आयुर्वेदिक स्वास्थ्य परामर्श र औषधीय वनस्पतिको महत्त्वबारे जानकारी प्रदान गर्दै यो दिवस मनाइन्छ । 'प्रकृति अनुकूल आहार, औषध र विहार रोगमुक्त समाजको आधार' भन्ने यस वर्ष २७औं धन्वन्तरी जयन्ती र राष्ट्रिय आरोग्य दिवसको नाराले पनि स्वस्थ जीवनका लागि उपचारसँगै रोकथाम र स्वास्थ्य प्रवर्द्धनलाई प्राथमिकता दिनुपर्ने सन्देश दिएको छ। आधुनिक समयमा बढ्दै गएका नसर्ने रोग, मानसिक तनाव, असन्तुलित खानपान, शारीरिक निष्क्रियता र वातावरणीय प्रदूषणजस्ता चुनौतीको सामना गर्न जीवनशैलीमा सुधार आवश्यक छ । यस सन्दर्भमा योग, ध्यान र आयुर्वेदका व्यावहारिक पक्षलाई जनजीवनमा समावेश गर्नसके स्वास्थ्य क्षेत्रमा सकारात्मक परिणाम हासिल गर्न सकिन्छ ।

आयुर्वेदः उपचारभन्दा व्यापक जीवनपद्धति

आयुर्वेदको मूल दर्शन स्वस्थ व्यक्तिको स्वास्थ्य रक्षा गर्नु र रोगीको रोग निवारण गर्नु हो । यसले मानिसको शारीरिक बनावट, उमेर, प्रकृति, खानपान, वातावरण र जीवनशैलीलाई ध्यानमा राखेर स्वास्थ्य व्यवस्थापन गर्ने अवधारणा प्रस्तुत गर्दछ । दिनचर्या, ऋतुचर्या, आहारविहार, निद्रा, व्यायाम, योग र मानसिक सन्तुलनलाई यसले विशेष महत्त्व दिएको छ । आजको व्यस्त जीवनशैलीमा मानिसहरू अनियमित खानपान, पर्याप्त निद्राको अभाव, तनाव र शारीरिक गतिविधिमा कमीका कारण विभिन्न स्वास्थ्य समस्याबाट प्रभावित भइरहेका छन् । उच्च रक्तचाप, मधुमेह, मोटोपना, मुटुरोग तथा मानसिक स्वास्थ्यसम्बन्धी समस्याहरू जनस्वास्थ्यका प्रमुख चुनौती बनेका छन् । यस्ता समस्याको रोकथामका लागि स्वस्थ आहार, नियमित व्यायाम, योग, ध्यान र अनुशासित जीवनशैली आवश्यक हुन्छ ।

आयुर्वेदले व्यक्तिको प्रकृतिअनुसार आहारविहार अपनाउन प्रेरित गर्दछ । यसले स्वास्थ्यलाई औषधिमामात्र सीमित नराखी दैनिक व्यवहार र सामाजिक वातावरणसँग जोडेको छ। त्यसैले विद्यालय, समुदाय, घरपरिवार र कार्यस्थलसम्म स्वास्थ्य सचेतनाका कार्यक्रम सञ्चालन गर्नु आवश्यक छ । भान्साघरलाई नै स्वास्थ्यको पहिलो आधार बनाउने अवधारणा आयुर्वेदको महत्त्वपूर्ण पक्ष हो । स्थानीय रूपमा उपलब्ध पौष्टिक खाद्यवस्तु, मौसमी फलफूल, सागसब्जी तथा खाद्यान्नको सन्तुलित प्रयोगले पोषण सुधारमा सहयोग पुऱ्याउँछ ।

त्यसैगरी, नागरिक आरोग्य कार्यक्रम, योग अभ्यास, स्वर्णबिन्दु प्राशन तथा स्वास्थ्य सचेतना अभियानलाई वैज्ञानिक मूल्यांकन र उपयुक्त स्वास्थ्य मापदण्डका आधारमा प्रभावकारी बनाउन सकिन्छ ।

नेपालमा आयुर्वेदको सम्भावना र सेवा विस्तार

प्राकृतिक, भौगोलिक तथा जैविक विविधताका दृष्टिले नेपाल आयुर्वेद विकासका लागि अत्यन्त सम्भावनायुक्त मुलुक हो । हिमाल, पहाड र तराईमा पाइने विविध वनस्पति तथा जडीबुटी आयुर्वेद औषधि उत्पादनका महत्त्वपूर्ण आधार हुन् । हिमाली क्षेत्रमा पाइने बहुमूल्य औषधीय वनस्पतिदेखि तराईका स्थानीय जडीबुटीसम्मको व्यवस्थित पहिचान, संरक्षण, खेती, संकलन र प्रशोधन गर्नसके मुलुकले स्वास्थ्य तथा आर्थिक क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गर्न सक्छ।

नेपालमा आयुर्वेद स्वास्थ्य सेवाको संस्थागत विस्तारका लागि विभिन्न प्रयास भइरहेका छन् । काठमाडौंको नरदेवीस्थित केन्द्रीय आयुर्वेद अस्पताल, प्रादेशिक आयुर्वेद अस्पताल, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, स्थानीय तहका आयुर्वेद शाखा तथा नागरिक आरोग्य सेवा केन्द्रमार्फत नागरिकलाई सेवा उपलब्ध गराउने व्यवस्था विस्तार हुँदै गएको छ । यी संस्थाबाट निःशुल्क स्वास्थ्य परीक्षण, आयुर्वेद औषधि वितरण, पञ्चकर्म, शल्यकर्म, योग तथा अन्य विशिष्टीकृत सेवाहरू सञ्चालन भइरहेका छन् । नागरिक आरोग्य कार्यक्रम र स्वास्थ्य प्रवर्द्धनसम्बन्धी गतिविधिले समुदायस्तरमा आयुर्वेद सेवाको पहुँच विस्तार गर्न सहयोग पुऱ्याएका छन् ।

यद्यपि संस्थागत संरचना विस्तार हुनुमात्र पर्याप्त छैन । सेवाको गुणस्तर, दक्ष जनशक्ति, आवश्यक औषधिको उपलब्धता, भौतिक पूर्वाधार र नागरिकको विश्वास अभिवृद्धि गर्न समानान्तर प्रयास आवश्यक छन् । विशेषगरी दुर्गम तथा ग्रामीण क्षेत्रमा बसोबास गर्ने नागरिकले सहजरूपमा गुणस्तरीय आयुर्वेद सेवा प्राप्त गर्ने वातावरण निर्माण गर्नुपर्छ ।

संरक्षणसँगै वैज्ञानिक विकासको आवश्यकता

आयुर्वेदको संरक्षण भन्नाले परम्परागत ज्ञानलाई जस्ताको तस्तै निरन्तरता दिनुमात्र बुझ्नु हुँदैन । यसलाई समय, प्रविधि र वैज्ञानिक अनुसन्धानअनुसार परिमार्जन गर्दै लैजानु पनि उत्तिकै महत्त्वपूर्ण छ । परम्परागत ज्ञानको वैज्ञानिक परीक्षण, औषधिको गुणस्तर निर्धारण, प्रभावकारिताको अध्ययन र सुरक्षित प्रयोग सुनिश्चित गर्नु आजको आवश्यकता हो । आयुर्वेद औषधि उत्पादन तथा वितरणमा गुणस्तर नियन्त्रणलाई प्राथमिकता दिनुपर्छ । औषधिमा प्रयोग हुने कच्चा पदार्थको शुद्धता, पहिचान, प्रशोधन, मात्रा, भण्डारण र उत्पादन प्रक्रियालाई वैज्ञानिक मापदण्डअनुसार व्यवस्थित गर्न आवश्यक छ । औषधिको प्रभावकारिता र सम्भावित प्रतिकूल असरबारे अनुसन्धान हुनुपर्छ । यसबाट आयुर्वेदप्रति नागरिकको विश्वास अभिवृद्धि हुनुका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा नेपाली औषधिको विश्वसनीयता स्थापित गर्न सकिन्छ ।

नेपालमा आयुर्वेद शिक्षाको गुणस्तर सुधार पनि महत्त्वपूर्ण विषय हो । शैक्षिक संस्थामा पाठ्यक्रमको एकरूपता, प्रयोगात्मक अभ्यास, अनुसन्धानमुखी शिक्षा र दक्ष चिकित्सक उत्पादनमा विशेष ध्यान दिनुपर्छ। आयुर्वेद चिकित्सा, औषधि विज्ञान, वनस्पति विज्ञान, जैविक प्रविधि र आधुनिक स्वास्थ्य अनुसन्धानबीच सहकार्य विस्तार गर्नसके नयाँ सम्भावनाका ढोका खुल्न सक्छन्। यस क्षेत्रमा दक्ष चिकित्सक, औषधि विज्ञ, अनुसन्धानकर्ता, प्राविधिक र जडीबुटीसम्बन्धी विशेषज्ञ जनशक्तिको विकास गर्न आवश्यक छ । सरकारी तथा निजी क्षेत्रका अनुसन्धान संस्थाबीच समन्वय गरी राष्ट्रिय प्राथमिकताका विषयमा अध्ययन अनुसन्धान अघि बढाउनुपर्छ ।

जडीबुटी संरक्षण र आर्थिक समृद्धि

नेपालको जडीबुटी क्षेत्र स्वास्थ्य सेवासँगै रोजगारी, उद्यमशीलता र निर्यात प्रवर्द्धनको सम्भावनायुक्त क्षेत्र हो तर यसको दिगो विकासका लागि प्राकृतिक स्रोतको संरक्षण र वैज्ञानिक व्यवस्थापन अनिवार्य छ । अव्यवस्थित संकलन, वनस्पतिको प्राकृतिक बासस्थान विनाश र बजार व्यवस्थापनको अभावले बहुमूल्य जडीबुटी लोप हुने जोखिम बढाउन सक्छ । त्यसैले जडीबुटीको व्यावसायिक खेतीलाई प्रोत्साहन गर्नुपर्छ । किसानलाई प्राविधिक ज्ञान, गुणस्तरीय बीउ तथा बिरुवा, अनुदान, सहुलियतपूर्ण ऋण र बजारको सुनिश्चितता उपलब्ध गराउन आवश्यक छ ।

स्थानीय तह, सहकारी, निजी क्षेत्र र समुदायबीच सहकार्य गरी जडीबुटी उत्पादनदेखि प्रशोधन, औषधि निर्माण र बजारीकरणसम्मको मूल्य शृंखला विकास गर्न सकिन्छ । यसबाट ग्रामीण क्षेत्रमा रोजगारी सिर्जना हुनुका साथै स्थानीय अर्थतन्त्र सुदृढ हुने छ । नेपाली जडीबुटीको पहिचान, गुणस्तर प्रमाणीकरण र ब्राण्डिङ गर्नसके अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धात्मक क्षमता बढाउन सकिन्छ ।

एकीकृत स्वास्थ्य प्रणालीतर्फको यात्रा

नेपालको स्वास्थ्य प्रणालीमा आयुर्वेद र आधुनिक चिकित्सा पद्धतिबीच प्रभावकारी समन्वय आवश्यक छ । नागरिकले आफ्नो आवश्यकता र स्वास्थ्य अवस्थाअनुसार सुरक्षित तथा प्रमाणमा आधारित सेवा प्राप्त गर्न पाउने व्यवस्था हुनुपर्छ । यसका लागि दुवै चिकित्सा प्रणालीबीच ज्ञान, अनुसन्धान, जनशक्ति र सेवा प्रवाहमा सहकार्य बढाउनुपर्छ । एकीकृत चिकित्सा कार्यक्रम सञ्चालन गर्दा उपचारको प्रभावकारिता, बिरामीको सुरक्षा र वैज्ञानिक प्रमाणलाई प्राथमिकता दिनुपर्छ ।

आयुर्वेद र आधुनिक चिकित्साका चिकित्सकबीच नियमित परामर्श, बिरामीको स्वास्थ्य विवरण आदानप्रदान तथा आवश्यकताअनुसार विशेषज्ञ सेवामा पहुँचको व्यवस्था गर्न सकिन्छ । तीन तहका सरकारबीच नीतिगत समन्वय, पर्याप्त बजेट विनियोजन र संस्थागत जिम्मेवारी स्पष्ट हुनुपर्छ । आयुर्वेद तथा वैकल्पिक चिकित्सा क्षेत्रको विकासका लागि दीर्घकालीन रणनीति निर्माण गरी त्यसको प्रभावकारी कार्यान्वयन आवश्यक छ । टेलिमेडिसिन, डिजिटल स्वास्थ्य अभिलेख र सूचना प्रविधिको प्रयोगबाट दुर्गम क्षेत्रसम्म सेवा विस्तार गर्न सकिन्छ ।

राष्ट्रिय प्रतिबद्धता र भावी दिशा

धन्वन्तरी जयन्ती तथा राष्ट्रिय आरोग्य दिवसले हामीलाई आफ्नो मौलिक चिकित्सा ज्ञानको महत्त्व स्मरण गराउनुका साथै त्यसको संरक्षण र विकासप्रति जिम्मेवार बन्न प्रेरित गर्दछ । आयुर्वेदलाई केवल परम्परा वा सांस्कृतिक सम्पदाका रूपमा सीमित नराखी वैज्ञानिक अनुसन्धान, गुणस्तरीय सेवा र जनस्वास्थ्य प्रवर्द्धनको प्रभावकारी माध्यम बनाउनुपर्छ ।

यसका लागि सरकार, स्वास्थ्यकर्मी, प्राज्ञिक संस्था, अनुसन्धानकर्ता, निजी क्षेत्र, स्थानीय समुदाय र आमनागरिकबीच सहकार्य अपरिहार्य छ । पर्याप्त लगानी, दक्ष जनशक्ति, अनुसन्धानको विकास, औषधिको गुणस्तर नियन्त्रण र जडीबुटीको दिगो व्यवस्थापनलाई राष्ट्रिय प्राथमिकतामा राख्नुपर्छ । आयुर्वेदको संरक्षण र सम्वर्द्धन गर्नु भनेको हाम्रा पुर्खाले विकास गरेको ज्ञान, सीप र प्राकृतिक सम्पदाको संरक्षण गर्नु पनि हो तर यसको वास्तविक उपलब्धि नागरिकले गुणस्तरीय, सुरक्षित, सुलभ र विश्वसनीय स्वास्थ्य सेवा प्राप्त गरेपछि मात्र प्रमाणित हुने छ ।

अन्ततः स्वस्थ नागरिक नै समृद्ध राष्ट्र निर्माणको आधार हुन् । धन्वन्तरी जयन्ती तथा राष्ट्रिय आरोग्य दिवसलाई औपचारिक समारोहमामात्र सीमित नराखी स्वस्थ जीवनशैली अपनाउने, रोगको रोकथाम गर्ने, प्राकृतिक स्रोतको संरक्षण गर्ने र वैज्ञानिक स्वास्थ्य प्रणाली निर्माण गर्ने राष्ट्रिय अभियानका रूपमा अघि बढाउनुपर्छ ।

आयुर्वेदको मौलिकता र आधुनिक विज्ञानको उपलब्धिबीच सन्तुलित समन्वय कायम गर्नसके नेपालले आफ्नै मौलिक स्वास्थ्य पहिचानलाई सुदृढ गर्दै स्वस्थ, समृद्ध र आत्मनिर्भर राष्ट्र निर्माणको यात्रालाई थप गति दिन सक्ने छ । सन्तुलित आहार, योग, व्यायाम र स्वस्थ्य जीवनशैली अपनाउँदै औषधिको उचित प्रयोग गरी नसर्ने रोगबाट बच्नु नै आजको आवश्यकता हो । *रासस*

(नेपाल आयुर्वेद चिकित्सक संघका निर्वतमान अध्यक्ष यादवसँग गरिएको कुराकानीमा आधारित)

पाठक मञ्च

काम नगर्ने मन्त्री र कर्मचारीको घेराबन्दीमा वालेन्द्र !

गत निर्वाचनमा १८२ सिट जितेर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को सरकार बनेपछि र वालेन्द्र शाह प्रधानमन्त्री भएपछि सुरुमा गलत काम गर्नेको सातो गएको थियो । सरकार बनेको २४ घण्टामै तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रमेश लेखक समातिए । सम्पत्ति छानबिन गर्न आयोग गठन गरियो, गैरीगाउँ, तीनकुने र मनोहरा खोला वरपर डोजर चल्यो । '३०-५५' लागू गर्ने, ५०० र १००० का नोटमा प्रतिबन्ध लगाउने, बन्द उद्योग चलाउने, सहकारीको बचत फिर्ता गर्ने तथा ठग, सिण्डिकेटधारी र कालोबजारीलाई कारबाही गर्ने घोषणापछि देशमा साँच्चै सुशासन आउँछ कि भन्ने आशा पलाएको थियो ।

तर, प्रधानमन्त्री अगाडि बढे पनि साथ नपाउँदा रोकिए । यहाँ विपक्षी वा सञ्चारमाध्यमले होइन, आफ्नै दल र क्याबिनेटका मन्त्रीले काम गर्न दिएनन् । सुकुमबासी हटाउने अभियानमा सभापति रवि लामिछाने र गृहमन्त्री सुधन गुरुङ बाधक बने; अतिक्रमणकारीसँगै गएर गृहमन्त्रीले दुःख व्यक्त गर्नु कति सुहाउँछ ? अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले निर्माण व्यवसायी र उद्योगीलाई समाप्त दिएनन्, नोट प्रतिबन्धको कुरा पनि तुहियो । कानुनमन्त्री सोविता गौतमले '३०-५५' को फाइल रोकिदिइन् भने पूर्वाधारमन्त्री सुनिल लम्सालले दशकौंदेखिको यातायात सिण्डिकेट तोड्न सकेनन् ।

जग्गा वर्गीकरण नगर्ने पालिकालाई कारबाही गर्नुको साटो भूमिसुधारमन्त्री प्रतिभा रावल कित्ताकाट खोल्न म्याद थप्न लागिपरिन् । स्वास्थ्यमन्त्री निशा मेहताको उपलब्धि शून्य छ भने महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सीता वादीलाई सडक र चौरमा अलपत्र बालबालिका तथा ज्येष्ठ नागरिकको कुनै पिर छैन- उनी घुर्माफिर र स्टण्टमै व्यस्त छिन् । मन्त्रीहरू झण्डावाल गाडी चढेर पदको मातमा रमाइरहेका छन्, सबै भार त प्रधानमन्त्रीकै काँधमा छ ।

उल्टो, ६० करोडभन्दा बढी बक्यौता उठाएर हेर्टौंडा कपडा उद्योग सञ्चालनको प्रक्रिया अघि बढाएकी उद्योगमन्त्री गौरीकुमारी यादवलाई रुँदै हटाइयो, तर नयाँ मन्त्री दीपक साहले सिन्को भाँचेनन् । राम्रो काम गर्नेलाई हटाउने अनि विवादित र निष्क्रियलाई च्याप्ने हो भने कसरी सुशासन आउँछ ? प्रहरी नेतृत्व फेरबदल भए पनि कामको गति देखिएन, सम्पत्ति छानबिनको प्रक्रिया पनि अल्झियो । कर्मचारी पनि काम नगर्ने, मन्त्री पनि काम नगर्ने हो भने देश कसरी बन्छ ? प्रधानमन्त्री शाहले अब ढिला नगरी काम नगर्ने कर्मचारीलाई कारबाही र असक्षम मन्त्रीलाई हटाउनैपर्छ, नत्र दुईतिहाइको सरकारको पनि के औचित्य ?

- **अनुसा थापा**
भक्तपुर



तेह्थुमको चोल्लुङ पार्क | रैथाने वास्तुशैलीमा निर्मित चोल्लुङ पार्क । पर्यटकीय नगरी तेह्थुमको वसन्तपुरमा रहेको चोल्लुङ पार्क पूर्वी पहाडको आकर्षक पर्यटकीय गन्तव्यका रूपमा स्थापित हुँदै गएको छ । *तस्बिर: रासस*

आयुर्वेद चिकित्सालयमा पञ्चकर्म र फिजियोथेरापी सेवा लिने बढ्दै

दमौली (तनहुँ)– चिसो मौसम सुरु भएसँगै बाथरोग, पक्षघात (प्यारालाइसिस) तथा हड्डी खिइने समस्याको उपचारका लागि यहाँस्थित प्रदेश आयुर्वेद चिकित्सालयमा सेवाग्राहीको संख्या बढ्न थालेको छ । चिकित्सालयले पञ्चकर्म र फिजियोथेरापीमार्फत उपचार सेवा प्रदान गर्दै आएको छ ।

चिकित्सालयमा पञ्चकर्मअन्तर्गत पूर्वकर्मका रूपमा स्नेहन र स्वेदन, शिरोधारा तथा बस्तीकर्मलगायतका सेवा उपलब्ध छन् । त्यस्तै, विभिन्न शारीरिक समस्याबाट प्रभावित बिरामीलाई लक्षित गरी फिजियोथेरापी सेवा पनि सञ्चालनमा रहेको छ ।

चिकित्सालयका वरिष्ठ कविराज निरीक्षक शम्भु चापागाईंका अनुसार दैनिक महिला तथा पुरुष गरी करिब ४० जनाले पञ्चकर्मअन्तर्गतका सेवा लिइरहेका छन् । फिजियोथेरापी सेवाअन्तर्गत दैनिक २० देखि ३० जनासम्मलाई सेवा दिन सकिने क्षमता रहेको उनले जानकारी दिए ।

चिसो मौसममा बाथरोग, पक्षघात तथा हड्डी खिइनेजस्ता समस्या भएका बिरामी उपचारका लागि आउने गरेका छन् । नियमित उपचार तथा सेवाप्रति सेवाग्राहीको आकर्षण बढ्दै गएको पाइएको छ । उपचार सेवा लिएका बिरामीमा सुधार देखिने क्रम बढ्दै गएको र यसले आयुर्वेदिक उपचारप्रति सर्वसाधारणको विश्वाससमेत बढाएको उनले उल्लेख गरे ।

चिकित्सालयले पञ्चकर्म र फिजियोथेरापी सेवालाई प्राथमिकताका साथ सञ्चालन गर्दै आएको छ । पञ्चकर्मअन्तर्गतका विभिन्न उपचार विधि र फिजियोथेरापीले शारीरिक दुखाइ, चलायमानतामा समस्या तथा विभिन्न मासपेशी र स्नायुसम्बन्धी समस्याबाट प्रभावित बिरामीलाई उपचार सेवा उपलब्ध गराउँदै आएको छ ।

स्नेहनमा शरीरमा तेल वा औषधिजन्य पदार्थको प्रयोग गरी उपचार गरिन्छ भने स्वेदनमा उपयुक्त विधिबाट शरीरलाई स्वेदित गरिन्छ । शिरोधारामा निधारको भागमा निश्चित प्रक्रियाअनुसार औषधिजन्य तरल पदार्थको धारा प्रवाह गरिन्छ । त्यस्तै, बस्तीकर्म आयुर्वेदको पञ्चकर्मअन्तर्गत पर्ने उपचार विधि हो । ती सेवा बिरामीको स्वास्थ्य अवस्था र आवश्यकताका आधारमा प्रदान गरिने चापागाईंले बताए ।

चिकित्सालयमा नश्यकर्म सेवा लिइरहेका पूर्ण विकले सेवा सुरु गरेपछि नाकसम्बन्धी समस्या कम हुँदै गएको बताए । चिसो मौसमको संक्रमणपछि नाकमा समस्या देखिएपछि आफू नश्यकर्म सेवा लिन चिकित्सालय आउन थालेको उनले जानकारी दिए । सेवा लिन थालेपछि समस्यामा क्रमिक सुधार हुँदै गएको उनको अनुभव छ ।

चिकित्सालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०८२/८३ मा नौ हजार ५०५ जनाले पूर्वकर्म तथा पञ्चकर्म सेवा लिएका थिए । सोही अवधिमा दुई हजार २४० जनाले फिजियोथेरापी सेवा लिएको र ९७ जनाले शिरोधारा सेवा प्राप्त गरेको जानकारी दिइएको छ । *रासस*

आजदेखि नारायणगढ-मुग्लिङ सडक दैनिक पाँच घण्टा बन्द हुने



चितवन (प्रस)– नारायणगढ-मुग्लिङ सडकखण्डको तुइनखोला क्षेत्रमा पहिरो रोकथामको काम अघि बढाइने भएपछि दैनिक पाँच घण्टा सवारी आवागमन बन्द हुने भएको छ । जिल्ला प्रशासन कार्यालय चितवनले आज आइतबारदेखि अर्को सूचना प्रकाशित नभएसम्म प्रत्येक दिन बिहान ११ बजेदेखि अपराह्न ४ बजेसम्म सडक बन्द गर्ने निर्णय गरेको हो ।

पहिरो रोकथामको कामका क्रममा हुन सक्ने जोखिमलाई मध्यनजर गर्दै उक्त समयमा नारायणगढ-मुग्लिङ सडकखण्डमा सबै प्रकारका सवारीसाधनको आवागमन रोक्ने निर्णय गरिएको सहायक प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद शर्माले बताए ।

तुइनखोलामा पहिरो खस्ने क्रम नरोकिएपछि विशेष प्रविधि अपनाएर दीर्घकालीन समाधान खोज्न सडक डिभिजन कार्यालय भरतपुरले काम अघि बढाएको छ । गत वर्षदेखि वर्षायाममामात्र नभई हिउँदमा पहिरो खस्ने र सडक अवरुद्ध हुने समस्या देखिएपछि पहिरो रोकथामका लागि विभिन्न प्रविधि अपनाउन लागिएको हो ।

ठूला ढुंगा पन्छाएर भिरको स्लोप व्यवस्थापन गर्ने, किला रड ठोकेर पहिरो प्रभावित क्षेत्रलाई बलियो बनाउने 'नेलिङ' प्रविधि अपनाइने छ । त्यससँगै भिरबाट रसाएर आउने पानी बाहिर निकाल्न 'होरिजेन्टल ड्रेन' (तेर्सो निकास) र बायोइञ्जिनियरिङ (जैविक प्रविधि) प्रयोग गरिने सडक डिभिजन कार्यालयले जनाएको छ ।

स्लोपको प्रकृतिअनुसार द्विआयामिक तथा त्रिआयामिक ढाँचामा बायोइञ्जिनियरिङका उपाय अवलम्बन गरिने र पहिरो रोकथामका लागि मुख्यरूपमा नेलिङ प्रविधि प्रयोग गरिने सडक डिभिजन भरतपुरका प्रमुख इञ्जिनियर अमितकुमार शर्माले बताए ।

गत असोजदेखि रोकिएको तुइनखोला पहिरो रोकथामको काम पुनःअघि बढाउन लागिएको हो । पृथ्वी राजमार्गको कृष्णभीरमा सडक अवरुद्ध हुँदा पनि तुइनखोलामा काम गरिएको बताउँदै उनले कृष्णभीरमा सडक सञ्चालनमा आएपछि तुइनखोलामा पनि बाटो सहज बनाउन काम रोकिएको बताए । शर्माका अनुसार सडकको अवस्था हेर्दा कम्तीमा १५ दिन बन्द गरेर काम गर्नुपर्ने अवस्था छ । शर्माले भने, 'सडकको अवस्था हेर्दा कम्तीमा १५ दिन बाटो बन्द गरेर काम गर्नुपर्ने देखिन्छ । प्राविधिक मूल्यांकनपछि कति समय बन्द गरेर काम गर्ने भन्ने निर्णय हुने छ । अहिले अर्को सूचना जारी नभएसम्मका लागि सडक बन्द गरिएको हो ।'

उनले पृथ्वी राजमार्गको मुग्लिङनजिक घोप्टेभीरको काम सकिएपछि तुइनखोलामा पहिरो रोकथामको काम अघि बढाइने भएको उनले बताए । काठमाडौंबाट मुग्लिङ-आँबुखैरेनी हुँदै पोखरा जाने पृथ्वी राजमार्ग भने सञ्चालनमा रहने प्रशासनले जनाएको छ । सडक बन्दका कारण यात्रुलाई पर्न जाने असुविधाप्रति प्रशासनले क्षमायाचना गर्दै सोहीअनुसार यात्रा व्यवस्थापन गर्न अनुरोध गरेको छ ।

बर्दियामा स्थानीय तहमा भूमि प्रशासन सेवा विस्तारको तयारी

बर्दिया– भूमि प्रशासनसम्बन्धी सेवा नागरिकलाई आफ्नै स्थानीय तहबाट उपलब्ध गराउने सरकारी नीतिअनुसार बर्दियामा सेवा विस्तारको तयारी तीव्र पारिएको छ । जिल्लाका आठ स्थानीय तहमध्ये राजापुर र ठाकुरबाबा नगरपालिकाले सेवा सञ्चालनमा ल्याइसकेका छन् भने बाँकी छ स्थानीय तहले पनि मंसिरभित्र सेवा सुरु गर्ने तयारी गरेका छन् ।

भूमि प्रशासनसम्बन्धी सेवा स्थानीय तहमा हस्तान्तरण गर्ने सरकारी योजनाअनुसार जिल्लामा पहिलो चरणको काम अघि बढाइएको हो । स्थानीय तहबाटै मालपोत तथा नापीसम्बन्धी सेवा उपलब्ध हुन थालेपछि सेवाग्राहीले सदरमुकाम वा सम्बन्धित कार्यालय धाउनुपर्ने बाध्यता हट्ने अपेक्षा गरिएको छ ।

राजापुर नगरपालिकाले गत असोज १३ गतेदेखि भूमि प्रशासन सेवा सञ्चालनमा ल्याएको हो । नगरप्रमुख दीपेश थारूका अनुसार चार जना कर्मचारी करारमा नियुक्त गरी सेवा सुरु गरिएको थियो । नगरपालिकाले आफ्नै जनशक्तिसमेत परिचालन गरी हाल नौ जना कर्मचारीमार्फत सेवा प्रवाह गरिरहेको छ ।

नगरपालिकाले छुट्टै शाखा स्थापना गरी मालपोत तथा नापीसम्बन्धी सेवा दिइरहेको छ । भूमि प्रशासन शाखाका प्रमुख तथा सहायक प्रशासकीय अधिकृत सञ्जीव ज्ञवालीका अनुसार शाखामा दैनिक औसत पाँच जना सेवाग्राही सेवा लिन आउने गरेका छन् । राजापुर नगरपालिका र गेरुवा गाउँपालिका कार्यक्षेत्र रहेको भूमि प्रशासन कार्यालय राजापुरमै सञ्चालनमा रहे पनि नगरपालिकाले छुट्टै संरचना बनाएर सेवा दिन थालेको उनले बताए ।

यसैगरी, ठाकुरबाबा नगरपालिकाले गत मंसिर २ गतेदेखि भूमि प्रशासन सेवा सुरु गरेको छ । नगरपालिकाले आफ्नै जनशक्ति व्यवस्थापन गरी सेवा सञ्चालनमा ल्याएको प्रमुख प्रशासकीय अधिकृत मंगलबहादुर शाहीले बताए । प्राविधिक सहयोगका लागि भूमि प्रशासन कार्यालय र नापी कार्यालय बर्दियासँग थप जनशक्ति माग गरिएको उनले जानकारी दिए । हाल दुवै नगरपालिकाले अनलाइन प्रणालीमा जग्गाधनी पुर्जाको विवरण प्रविष्टि भएका जग्गाधनीलाई मात्र सेवा उपलब्ध गराइरहेका छन् ।

राजापुर नगरपालिकाको भूमि प्रशासन शाखा प्रमुख ज्ञवालीका अनुसार मालपोततर्फ लिखत पारित, नामसारी, रोक्का तथा फुकुवालगायत सेवा प्रदान भइरहेका छन् । त्यसैगरी, नापीतर्फ जग्गा नापजाँच, रेखांकन, कित्ताकाट, ट्रायल चेक तथा ट्रेस नक्सा उपलब्ध गराउने काम भइरहेको छ ।

भूमि प्रशासन कार्यालय बर्दियाका प्रमुख धर्मराज बिनाडीका अनुसार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको पत्राचारअनुसार स्थानीय तहले एक महिनाभित्र सेवा सञ्चालन गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले गत कात्तिक १६ गते जारी गरेको सूचनाबमोजिम मंसिर १६ गतेभित्र जिल्लाका सबै स्थानीय तहमा सेवा सुरु गर्ने लक्ष्यसहित समन्वय भइरहेको उनले बताए ।



> पहिलो चरणमा स्थानीय तहले अनलाइन प्रणालीमा जग्गाधनी पुर्जाको नम्बर प्रविष्टि भएका जग्गाधनीलाई आधारभूत सेवा उपलब्ध गराउने छन् । यसअन्तर्गत जग्गाधनी पुर्जा वितरण, पुर्जामा भएका सामान्य त्रुटि सच्याउने, नामसारी तथा अंशबण्डालगायत सेवा प्रवाह गरिने छ ।

बर्दियाका आठवटै स्थानीय तहमा सेवा सञ्चालनका लागि भूमि प्रशासन कार्यालयले सहजीकरण गरिरहेको छ । सेवा सुरु गर्न बाँकी स्थानीय तहसँग निरन्तर समन्वय भइरहेको प्रमुख बिनाडीले जानकारी दिए । बढैयाताल गाउँपालिकाले पनि मंसिरभित्रै सेवा सञ्चालन गर्ने तयारी गरेको छ । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अर्जुन थारूका अनुसार सेवा प्रवाहका लागि आवश्यक कर्मचारी माग गर्दै मन्त्रालयमा पत्राचार गरिएको छ ।

नापी कार्यालय बर्दियाले स्थानीय तहमा नापीसम्बन्धी सेवा सञ्चालनका लागि समन्वय गरिरहेको छ । सेवा सुरु हुन बाँकी पालिकामा सेवा सञ्चालनका विषयमा निरन्तर छलफल भइरहेको नापी कार्यालयका सहायक प्रमुख नापी अधिकृत कृष्णप्रसाद ढकालले बताए । उनका अनुसार हाल फोनमार्फत समन्वय भइरहेको छ भने आगामी साता सबै पालिकामा पुगेर आवश्यक सहजीकरण गर्ने तयारी गरिएको छ ।

यसअघि भूमि प्रशासन कार्यालयले गत मंसिर ३ गते जिल्लाका सबै स्थानीय तहलाई पत्राचार गर्दै सेवा सञ्चालनका लागि आवश्यक समन्वय र सहजीकरण गर्न पाँच जना कर्मचारीलाई 'फोकल पर्सन' तोकेको थियो । पहिलो चरणमा मन्त्रालयसँग भूमि प्रशासनसम्बन्धी सेवा सञ्चालनका लागि सम्झौता गरेका देशभरका १३३ स्थानीय तहमध्ये बर्दियाका राजापुर र ठाकुरबाबा नगरपालिकाले कार्यालयको पत्राचारअघि नै सेवा सुरु गरिसकेको प्रमुख बिनाडीले बताए ।

पहिलो चरणमा स्थानीय तहले अनलाइन प्रणालीमा जग्गाधनी पुर्जाको नम्बर प्रविष्टि भएका जग्गाधनीलाई आधारभूत सेवा उपलब्ध गराउने छन् । यसअन्तर्गत जग्गाधनी पुर्जा वितरण, पुर्जामा भएका सामान्य त्रुटि सच्याउने, नामसारी तथा अंशबण्डालगायत सेवा प्रवाह गरिने छ ।

भूमि प्रशासन कार्यालयका अनुसार हाल सबै जग्गाको विवरण अनलाइन प्रणालीमा प्रविष्ट भइसकेको छैन । प्रविष्ट हुन बाँकी विवरण अद्यावधिक गर्ने काम भइरहेको छ ।

त्यसैगरी, भूमि प्रशासनसम्बन्धी सबै कागजात र अभिलेखसमेत स्थानीय तहमा हस्तान्तरण भइसकेका छैनन् । स्थानीय तहको संस्थागत क्षमता र जनशक्तिको दक्षता अभिवृद्धि हुँदै गएपछि क्रमशः थप सेवा हस्तान्तरण गरिने प्रमुख बिनाडीले बताए ।

सरकारी रणनीतिअनुसार आगामी दिनमा भूमि प्रशासनसम्बन्धी सबै सेवा स्थानीय तहबाटै सञ्चालन गर्ने लक्ष्य रहेको छ । त्यसपछि भूमि प्रशासन कार्यालयले समन्वय, अनुगमन तथा निरीक्षण गर्ने र स्थानीय तहबाट सम्भव नभएका काममा सहयोग गर्ने भूमिका निर्वाह गर्ने उनले जानकारी दिए । *रासस*

'पेण्डिङ' फाइल शून्यमा झार्दै झापा प्रशासन

झापा (प्रस)– झापा प्रशासनले सेवाग्राहीलाई राष्ट्रिय परिचयपत्र र राहदानीको फोटो तथा जैविक विवरण (बायोमेट्रिक) काम एकै दिनमा उपलब्ध गराउन सुरु गरेको छ ।

कुनै समय राष्ट्रिय परिचयपत्र र राहदानीका लागि फोटो तथा जैविक विवरण (बायोमेट्रिक) दिन ३५ दिनसम्म पालो कुर्नुपर्नेमा अहिले त्यो अवस्था अन्त्य गरिएको छ । लामो समयदेखि थाती (पेण्डिङ)मा रहेका फाइल फर्स्योट गर्दै प्रशासनले सेवा प्रवाहलाई सहज र छरितो रूपमा सेवा उपलब्ध गराएको छ ।

प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलका अनुसार गत भदौ २० गतेसम्म हाजिर राहदानीतर्फ ९९६ र राष्ट्रिय परिचयपत्रतर्फ पाँच हजार ४९१ जना सेवाग्राही पालोमा थिए । सेवाग्राहीले अनलाइन फाराम भर्नसमेत पैसा तिर्नुपर्ने र बायोमेट्रिक विवरणका लागि लामो समय कुर्नुपर्ने अवस्था रहेकामा त्यो अहिले हटेको छ ।

त्यस्तो अवस्था अन्त्य गर्न प्रशासनले बिहान ७:०० बजेदेखि बेलुका ६:०० बजेसम्म तथा सार्वजनिक बिदाका दिनसमेत सेवा सञ्चालन गर्ने अभियान सुरु गरेको थियो । उक्त प्रयासबाट लामो समयदेखि प्रतीक्षामा रहेका सेवाग्राहीको चाप हटेपछि अहिले राष्ट्रिय परिचयपत्रको



काम एकै दिनमा सम्पन्न हुन थालेको प्रजिअ पोखरेलले बताए ।

'हाम्रो अभियानले बाँकी फाइल शून्यमा झार्ने लक्ष्यमात्र पूरा गरेन, सेवा प्रवाहको एउटा कार्यसंस्कृति नै विकास गऱ्यो,' उनले भने, 'अहिले सार्वजनिक बिदाका दिन पनि प्रशासनमा सेवा पाइन्छ भन्ने विश्वास सेवाग्राहीमा बसेको छ । त्यसैले यो अभ्यासलाई निरन्तरता दिएका हौं ।'

प्रशासनले यही कार्यसंस्कृतिलाई निरन्तरता दिँदै शनिबार र आइतबार पनि राष्ट्रिय परिचयपत्रका सबै सेवा तथा राहदानीका केही सेवा सञ्चालन गरेको छ । त्यस कार्यका लागि दुई जना कर्मचारी परिचालन गरिएको र बैंक काउन्टर बन्द रहने भएकाले राहदानीतर्फ भने राजस्व बुझाइसकेका सेवाग्राहीले मात्र सेवा लिन व्यवस्था मिलाइएको छ ।

सेवा प्रवाहका नाममा अतिरिक्त शुल्क तिर्नु नपर्ने स्पष्ट पार्दै प्रशासनले कसैले रकम मागेमा जानकारी गराउन आग्रहसमेत गरेको छ । केही दिनअघि अतिरिक्त रकम लिने एक बिचौलियालाई नियन्त्रणमा लिएर कारबाही गरिएको कार्यालयले जनाएको छ ।

प्रभाव दैनिक
National Daily

अर्थ बजार

आजको मूल्य

छापावाला सुन / तेजाबी सुन / चाँदी

प्रति तोला -	प्रति तोला -	प्रति तोला -
२,४६,१००	०	३,१९५



स्याउको सुकुटी मुस्ताङको घरपझोङ-४, जोमसोममा खेर जाने स्याउ प्रशोधन गरी सुकुटी बनाउन धुँदै स्थानीय महिला । मुस्ताङमा सहज रूपमा बिक्री हुन नसकी खेर जाने स्याउलाई प्रशोधन गरी सुकुटी, जाम र ब्रान्डीलगायतका परिकार बनाउने गरिन्छ ।

तस्विर: सुन्दरकुमार थकाली/रासस

ढोरपाटनमा केन्द्रीय विद्युत् प्रसारण लाइन विस्तार

■ प्रभाव संवाददाता

बागलुङ– जिल्लाको पर्यटकीय क्षेत्र ढोरपाटनमा केन्द्रीय विद्युत् प्रसारण लाइन विस्तार भएको छ ।

ढोरपाटन उपत्यका गएको बिहीबारदेखि केन्द्रीय विद्युत् प्रसारण प्रणालीमा जोडिएको छ । बुर्तिबाङदेखि ढोरपाटनको नवी हुँदै छेन्तुङसम्म विस्तार गरिएको ११ केभी विद्युत् प्रसारण लाइन नियमित सञ्चालनमा आएको नेपाल विद्युत् प्राधिकरण बागलुङ वितरण शाखा प्रमुख दिलिप मरासिनीलेले जानकारी दिए ।

नेपाल विद्युत् प्राधिकरणको रु १८ करोड लागतमा निर्माण गरिएको उक्त प्रसारण लाइन करिब ३५ किलोमिटर लामो छ । लाइन विस्तारको काम सम्पन्न भए पनि विभिन्न प्राविधिक समस्याका कारण विद्युत् सञ्चालनमा आउन सकेको थिएन । प्रसारण लाइनको आवश्यक मर्मत तथा विभिन्न प्राविधिक समस्या समाधानपछि विद्युत् सेवा सञ्चालनमा आएको छ ।

वितरण केन्द्रले सम्बन्धित निकायसँग समन्वय गरी प्राविधिक समस्या समाधान तथा आवश्यक मर्मत गरेपछि विद्युत् आपूर्ति सुरु हो । ढोरपाटनमा विद्युत् पुगेपछि यहाँको जनजीवन सहज हुने ढोरपाटन नगरपालिका-९ का वडाध्यक्ष खिमबहादुर घर्तीमगरले बताए । लघुजलविद्युत् र सोलारमा निर्भर ढोरपाटन उपत्यकामा मौसममा खराबी आउँदा सञ्चार सम्पर्कसमेत विच्छेद हुँदै आएको थियो ।

> नेपाल विद्युत् प्राधिकरणको रु १८ करोड लागतमा निर्माण गरिएको उक्त प्रसारण लाइन करिब ३५ किलोमिटर लामो छ । लाइन विस्तारको काम सम्पन्न भए पनि विभिन्न प्राविधिक समस्याका कारण विद्युत् सञ्चालनमा आउन सकेको थिएन ।

बुर्तिबाङ सबस्टेसनको ११ केभी बुर्तिबाङ फिडरअन्तर्गत रहेको उक्त प्रसारण लाइन सञ्चालनमा आएसँगै बोबाङ, फल्लेघर, देउराली, नवी हुँदै छेन्तुङसम्मका करिब १३ वटा ट्रान्सफर्मर चार्ज भएका छन् । त्यससँगै उक्त क्षेत्रका उपभोक्ताले राष्ट्रिय प्रसारण प्रणालीको विद्युत् उपभोग गर्न पाउने भएका छन् ।

वितरण केन्द्रका प्रमुख मरासिनीका अनुसार अब उक्त क्षेत्रका उपभोक्ताले विद्युत् जडानका लागि जुनसुकै समयमा पनि बुर्तिबाङस्थित नो लाइट शाखामार्फत आवेदन दिन सक्नेछन् । ढोरपाटनमा विद्युत् पुगेपछि अन्धकार रहेको निसेलढोरमा विद्युत् पुऱ्याउने बाटो खुलेको छ । विद्युत् सञ्चालनमा आएसँगै ढोरपाटन उपत्यकासहित आसपासका क्षेत्रमा लामो समयदेखि देखिँदै आएको न्यून भोल्टेजको समस्या समाधान भएको छ ।

केन्द्रीय विद्युत्को पहुँचमा तीन हजार मिटरको उचाईमा रहेको ढोरपाटन पुगेपछि स्थानीय बासिन्दाको जनजीवन, पर्यटन, उद्योग तथा आर्थिक गतिविधिमा सहज हुनेछ । ढोरपाटनमा बर्सेनि पर्यटकको संख्यामा वृद्धिभएपछि विद्युत्को माग बढ्दै गएको छ । त्यस क्षेत्रमा गत आर्थिक वर्षमा ३७ हजार पर्यटक पुगेका थिए ।

दूधको मूल्य प्रतिलिटर ८० कायम गर्न किसानको माग

■ प्रभाव संवाददाता

कास्की– कास्कीका दूध उत्पादक किसानले दूधको मूल्य प्रतिलिटर रु ८० कायम गर्न माग गरेका छन् । दूध उत्पादनमा प्रयोग हुने दाना, चोकर, घाँस, औषधोपचार, श्रम र ढुवानी खर्च निरन्तर बढिरहेको तर त्यसअनुसार दूधको मूल्य समायोजन नहुँदा किसानको आम्दानी खुम्चिँदै गएको किसानको भनाइ छ ।

सप्तगण्डकी दुग्ध उत्पादक सहकारी संस्थाले पोखरामा पत्रकार सम्मेलन आयोजना गरी अहिले दूधको गुणस्तरका आधारमा किसानले प्रतिलिटर रु ६८ देखि रु ७१ सम्म मात्र पाउँदै आएको र यो मूल्यले किसानको उत्पादन लागत र श्रमको उचित प्रतिफल दिन नसकेको जनाएको छ । सहकारी संस्थाका अध्यक्ष नवराज बरालका अनुसार कास्कीमा सहकारीमार्फत दैनिक २८ हजार लिटर र निजी फार्म तथा डेरीबाट करिब ७० हजार लिटर दूध उत्पादन तथा बिक्रीवितरण हुँदै आएको छ । जिल्लामा दैनिक करिब एक लाख लिटर दूध उत्पादन हुने गरेको उनले बताए ।

दूध उत्पादन किसानको जीविकोपार्जनसँग मात्रै नभई ग्रामीण अर्थतन्त्र र समग्र राष्ट्रिय अर्थतन्त्रसँग पनि जोडिएको विषय भएकाले यसलाई गम्भीरतापूर्वक लिनुपर्ने अध्यक्ष बरालको भनाइ छ । 'उत्पादन लागत बढ्दै जाने तर दूधको उचित मूल्य नपाउने अवस्था रहिरहे किसान यो पेसाबाट विस्थापित हुन सक्छन् । त्यसको असर देशको समग्र दुग्ध उत्पादनमा पर्छ । भौगोलिक अवस्था, पशु आहारको उपलब्धता, श्रम, ढुवानी दूरी र पशुपालन प्रणालीलाई आधार मानेर दूधको मूल्य निर्धारण हुनुपर्छ', उनले भने ।

उपभोक्ताको हित र बजारको अवस्थालाई समेत मध्यनजर गर्दै किसानले प्राप्त गर्ने दूधको मूल्य कम्तीमा प्रतिलिटर रु ८० कायम गर्न आफूहरूले सरकारसँग माग गरिरहेको अध्यक्ष बरालले बताए । दूधको मूल्य बढाउन मागसहित केन्द्रीय दुग्ध उत्पादक सहकारी संस्थाले सरकारसँग लामो समयदेखि माग गर्दै आए पनि माग पूरा नभएको बताइन्छ ।

किसानले दूधको मूल्य वृद्धिसँगै किसानले दूध बिक्री गरेबापतको रकम समयमै भुक्तानी गर्ने व्यवस्था मिलाउन, पशुको स्वास्थ्योपचार र खोप सेवा प्रभावकारी बनाउन, पशु आहारमा सहुलियत दिन तथा उत्पादन लागतका आधारमा अनुदान उपलब्ध गराउन सरकारसँग माग गरेका छन् । त्यस्तै, पशुमा कृत्रिम गर्भाधान सेवा निःशुल्क उपलब्ध गराउनुपर्ने उनीहरूको माग छ ।

पोखरा लेखनाथका कृषक त्रिलोचन लामिछानेले तीन वर्षदेखी दूधको मूल्य समायोजन हुन नसकेको बताए । उनका अनुसार यसबीचमा दाना-चोकरको मूल्य २५ प्रतिशतभन्दा बढिसकेको छ । 'दाना-चोकरको मूल्य महिनैपिच्छे रु १० देखि रु १५ सम्म बढ्छ । हामीले उत्पादन गरेको दूधको मूल्य भने तीन वर्षदेखि उस्तै छ । यही अवस्था रहिरहने हो भने यसरी किसान कसरी बाँच्ने ? पशुपालनबाट पलायन हुनुको विकल्प छैन,' लामिछानेले भने ।

पूर्वअध्यक्ष पौड्याललाई 'लाइफटाइम एचिभमेन्ट अवार्ड'

■ प्रभाव संवाददाता

काठमाडौं– नेपाल बैंकर्स संघले बैंकिङ तथा वित्तीय क्षेत्रको विकास, आधुनिकीकरण र दिगो विकासमा विशिष्ट योगदान पुऱ्याउनुभएका संघका पूर्वअध्यक्ष उपेन्द्र पौड्याललाई 'लाइफटाइम एचिभमेन्ट अवार्ड' प्रदान गरेको छ । संघको ४०औँ वार्षिक साधारणसभाका अवसरमा शुक्रबार आयोजित कार्यक्रममा नेपाल राष्ट्र बैंकका गभर्नर प्रा.डा. विश्वनाथ पौडेलले पौड्याललाई सम्मानपत्र प्रदान गरेका हुन् ।

संघले जारी गरेको प्रेस विज्ञप्तिअनुसार पौड्याललले नेपाल बैंकर्स संघको अध्यक्ष, नबिल बैंकको अध्यक्ष, एनएमबी बैंकको प्रमुख कार्यकारी अधिकृत तथा ग्लोबल एलायन्स फर बैंकिङ अन भ्यालुज (जिएबिभी) एसिया प्यासिफिकको क्षेत्रीय प्रतिनिधिका रूपमा रहेर बैंकिङ क्षेत्रमा योगदान पुऱ्याएका छन् ।

सन् १९८० को दशकदेखि नेपालको बैंकिङ क्षेत्रमा सुरु भएको उदारीकरण प्रक्रियासँगै पौड्यालको व्यावसायिक यात्रा अघि बढेको थियो । परम्परागत बैंकिङ अभ्यासलाई आधुनिक, प्रतिस्पर्धात्मक र प्रविधिमैत्री प्रणालीमा रूपान्तरण गर्न उनले अनुभव, दक्षता र नेतृत्वमार्फत महत्वपूर्ण भूमिका निर्वाह गरेको संघले जनाएको छ ।

सम्मानपछि पौड्यालले आफ्नो चार दशक लामो बैंकिङ यात्राको उपलब्धि व्यक्तिगत नभई सहकर्मी, नियामक, ग्राहक, सेयरधनी र परिवारको सामूहिक योगदानको परिणाम भएको बताए । कार्यक्रममा गभर्नर पौडेलले मौद्रिक नीति सरोकारवालासँगको संवादका आधारमा तर्जुमा गरिएको र नीतिगत स्थिरतालाई प्राथमिकता दिइएको बताए । सेयर बजार, विदेशी विनिमय, सुधार तथा बैंकिङ सुपरिवेक्षणका क्षेत्रमा क्रमिक सुधार अघि बढाइने उनले जानकारी दिए ।

विदेशी मुद्रा सञ्चिति र बैंकिङ प्रणालीमा तरलता बढेको उल्लेख गर्दै गभर्नर पौडेलले आगामी वर्ष पनि वित्तीय स्थिरता कायम राख्ने प्रतिबद्धता व्यक्त गरे । उनले बैंकहरूलाई मौद्रिक नीतिअनुसार वित्तीय उत्पादन ल्याउन, कृषि तथा साना र मझौला उद्यममा लगानी विस्तार गर्न र उद्यमशीलतालाई प्रोत्साहन गर्न आग्रह गरे ।

बैंकहरूको लगानी ठूला व्यावसायिक घरानामा मात्र केन्द्रित नभई साना व्यवसायी तथा सर्वसाधारणसम्म पुग्नुपर्नेमा जोड दिँदै उनले आकारमा ठूलो मात्र नभई गुणस्तर र सुशासनका दृष्टिले पनि सक्षम बैंक निर्माण गर्नुपर्ने बताए । यसैबीच, संघको ४०औँ वार्षिक साधारणसभाले ग्लोबल आईएमई बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मीलाई नयाँ अध्यक्षमा निर्विरोध निर्वाचित गरेको छ । उनी यसअघि संघको उपाध्यक्ष थिए ।

साधारणसभाले कुमारी बैंकका प्रमुख कार्यकारी अधिकृत रामचन्द्र खनाललाई उपाध्यक्षमा निर्वाचित गरेको छ ।

निवर्तमान अध्यक्ष तथा माछापुच्छे बैंकका प्रमुख कार्यकारी अधिकृत सन्तोष कोइरालाले आफ्नो कार्यकाल सफल बनाउन सहयोग गर्ने सबै वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत तथा सरोकारवाला पक्षप्रति कृतज्ञता ज्ञापन गरे ।

स्याउ बिक्रीबाट आठ करोडभन्दा बढी आम्दानी

हुम्ला– जिल्लाका सातवटै गाउँपालिकामा उत्पादित स्याउ बिक्रीबाट हुम्लाका किसानले रु आठ करोड २६ लाख आम्दानी गरेका छन् ।

कृषि विकास कार्यालय हुम्लाका अनुसार यस वर्ष जिल्लामा पाँच हजार पाँच मेट्रिक टन स्याउ उत्पादन भएको छ । कूल ६९० हेक्टर क्षेत्रफलमा लगाइएको स्याउमध्ये एक हजार ३७७ दशमलव छ मेट्रिक टन जिल्ला बाहिर बिक्रीका लागि पठाइएको कार्यालय प्रमुख चूडामणि पन्तले बताए ।

गाउँपालिकागत रूपमा सबैभन्दा बढी सर्केगार्डबाट ५०० मेट्रिक टन स्याउ निकासी भएको छ । त्यस्तै, सिमकोटबाट ४००, खार्पुनाथबाट २००, चंखेलीबाट १४०, ताँजाकोटबाट ६७ दशमलव छ, नाम्खाबाट ५० र अदानचुलीबाट २० मेट्रिक टन स्याउ बिक्री गर्न जिल्ला बाहिर पठाइएको छ ।

काँचो स्याउको निकासी रोक्न गत साउनदेखि गाउँपालिकाका कृषि प्राविधिकको सिफारिस अनिवार्य गरिएको थियो । तर, सिफारिसबिना पनि स्याउ बाहिर गएको सूचना प्राप्त भएकाले वास्तविक कारोबार अझै बढी हुन सक्ने प्रमुख पन्तको भनाइ छ । व्यक्तिगत रूपमा खरिद गरी पठाइएको र जिल्लाभित्रै खपत भएको स्याउको विवरण भने यसमा समावेश नगरिएको उनले बताए ।

सडक सञ्जाल विस्तारसँगै हुम्लाको स्याउले जिल्ला बाहिरको बजार पाउन थालेको हो । गत वर्ष करिब रु चार करोडको स्याउ निकासी भएकोमा यस वर्ष कारोबार दोब्बरभन्दा बढी पुगेको छ । स्याउ बिक्रीबाट आम्दानी हुन थालेपछि किसानमा खेतीप्रति उत्साह बढेको स्याउ खरिद बिक्री कारोबार गरिरहेका अदानचुली-३ का अर्जुन फडेराले बताए ।

यस वर्ष हुम्लामा ए ग्रेडको स्याउ प्रतिकिलो रु ६०, बी ग्रेडको रु ५० र सी ग्रेडको रु ४० मा बिक्री भएको थियो । हुम्लाबाट पहिलोपटक आठ मेट्रिक टन फुजी स्याउसमेत जिल्ला बाहिर बिक्री भएको कृषि विकास कार्यालय हुम्लाको तथ्यांकमा उल्लेख छ । हुम्लाको दक्षिणी भेगमा रहेको ताँजाकोट गाउँपालिकाबाट मात्रै ११ ट्रक स्याउ निकासी भएको र अबको पाँच वर्षमा कम्तीमा वार्षिक ५५ ट्रक स्याउ निकासी गर्ने गरी स्याउ जोन कार्यक्रम बनाइएको गाउँपालिकाका अध्यक्ष लालकेश जैसीले बताए । *रासस*

जाडो महिना सुरु हुँदा पनि घटेन तरकारीको मूल्य

■ दामोदर खनाल

बुटवल– मंसिरको दोस्रो हप्ता हुदा पनि बुटवल हाटबजारमा तरकारीको मुल्यमा कमि आएको छैन । जसले आम उपभोक्ता महंगीको मारमा परेका छन् ।

जाडो महिना सुरूभएसँगै गोभि, सेमी, बन्दा, मुलालगायतका तरकारी सागसब्जीको भाउमा कमि आउनुपर्ने भएपनि अहिलेपनि तरकारीको भाउ महंगो रहेको तरकारी पसलेहरू बताउँछन् ।

बुटवल हाटबजार चौपारीमा तरकारीको पसल राख्दै आएकि पाल्पाकी मनिषा सारूले पहाडी तरकारी तराईको भन्दा केही महंगो हुने बताईन् । उनले पहाडि लोकल र अर्गानिक तरकारी गुणस्तरीय हुने भएकोले मूल्य केही बढी हुने गरेको जानकारी दिईन् ।



यसैगरी बिगत १० बर्षदेखि बुटवल हाटबजारमा तरकारीको पसल राख्दै आएकी पाल्पा मस्यामकी कृष्णा सारूले पनि तरकारीको भाउ अघिल्लो हप्ताको तुलनामा कमि नभएको बताइन् ।

पहाडको अर्गानिक, लोकल तरकारी गेडागुडीको तुलनामा तराईको तरकारी भनी निकै सस्तो हुने हाटबजारका पसलेहरू बताउँछन् । ४० औं बर्षदेखि हाट बजारमा तराईका तरकारी तथा बेर्नाहरूको कारोबार गर्दै आएका कमल पासवानले तराईको मुला गोभि, बन्दा पहाडको तुलनामा सस्तो हुने जानकारी दिए ।

शनिबार बुटवल हाटबजारमा पहाडी गोभी, टमाटरप्रति केजी ८० देखि १०० रूपैयाँ, मटर २००, बोडी १६०, बन्दा ५० रूपैयाँ, मुला ४० देखि ६० रूपैयाँ रहेको छ ।

रूपन्देहीकै ठुलो मानिने बुटवल हाटबजारस्थित कर्णेल उजीरसिंह चौपारीमा पाल्पालगायत बिभिन्न जिल्लाका पहाडी अर्गानीक उत्पादन तरकारी फलफूल, गेडागुडी पाईने ठाउँको रूपमा परिचित छ । जहाँ शनिबार र बुधबार हाटबजार लाग्ने गर्दछ । यहाँ सरोकारवाला निकायको ध्यान जान नसक्दा एउटै बस्तुको मूल्यमा पनि एकरूपता पाईदैन ।

बाह्य विज्ञापन
राख्दा ध्यान दिऔं



नेपाल सरकार
विज्ञापन बोर्ड

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ